# मुद्दा दर्ता सम्बन्धी

## जानकारी पुस्तिका

सर्वोच्च अदालत

काठमाडौं

विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | फिराद दर्ता | १ |
| २ | हकदैया | ५ |
| ३ | अधिकारक्षेत्र | ५ |
| ४ | हदम्याद | १३ |
| ५ | दरपीठ | १७ |
| ६ | अदालति शुल्क र दस्तुर | १८ |
| ७ | तारिख र म्याद सम्वन्धी ब्यबस्था | ३० |
| ८ | म्याद तथा तारिख थमाउने ब्यबस्था | ३४ |
| ९ | वारिससम्बन्धी ब्यबस्था | ३७ |
| | अनुसूची-१ हदम्याद सम्वन्धी ब्यबस्था | ४१ |
| | अनुसूची-२ हालको र साविकको कानूनी ब्यबस्थाको तालिका | ४८ |

# फिराद पत्र तथा दावि प्रस्तुती

देवानी मुद्दाको कारवाही फिरादपत्रबाट सुरु हुन्छ। कुनै ब्यक्तिको काम कारवाहीबाट मर्का पर्ने ब्यक्तिले आफ्नो हक, हित वा सरोकार कायम गर्न वा हक प्रचलन गराउन माग गरी अदालतमा पेश गरेको उजुरी, नालिस, दाबी वा निवेदनलाई फिरादपत्र भनिन्छ। फिरादपत्र सरहको बयान वा प्रतिबादीले प्रतिउत्तरपत्रमा उल्लेख गरेको प्रतिदाबीलाई पनि फिरादपत्र सरह मानिन्छ। कानुनले तोकेको रित ढाँचा पुगे नपुगेको, हकदैया भए नभएको, हदम्याद भित्र भए नभएको, मुद्दा हेर्ने क्षेत्राधिकार भए नभएको र अदालती शुल्क दाखिल गरे नगरेको समेतका देहाय बमोजिमका आधारभूत कुराहरू जाँचेर मात्र फिरादपत्र दर्ता गर्नु पर्ने ब्यबस्था देवानी कार्यविधि संहिता तथा सो को नियमावलिले गरेको छ।

१ **फिराद दर्ता**

| **विषय** | **कार्यविधि** | **कानून**[१] |
|---|---|---|
| **फिरादपत्र दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू** | • **फिरादपत्र** दर्ता गर्दा निम्न कुराहरूको जाँच गर्नुपर्छः<br>- फिरादपत्र देवानी कार्यविधि संहिताको अनुसूची-१ बमोजिजको निर्धारित ढाँचामा छ वा छैन,<br>- अदालतको अधिकारक्षेत्र भित्र पर्छ वा पर्दैन,<br>- कानून बमोजिम हदम्याद भित्रको छ वा छैन,<br>- सम्वद्ध कानून उल्लेख गरेको छ छैन,<br>- लाग्ने अदालती शुल्क/ दस्तूर दाखिल भएको छ वा छैन,<br>- बादीको हकदैया पुग्छ वा पुग्दैन,<br>- दाबीको विषयवस्तु, सम्बन्धित कानून, प्रमाणहरू  र माग दाबी स्पष्ट खुलाएको छ छैन,<br>- लेखाई, प्रस्तुती, शुद्धाशुद्धि, अङ्क, अक्षर, आदि मिलेको छ छैन,<br>- अंश मुद्दाको फिराद भए सम्पत्तिको फाँटवारी खुलाएको छ छैन, | देकासं दफा ८६, ८९ -९८, देकानि नियम ९,११,१२ |

[१] मुलुकी देवानी संहिता २०७४लाई-देसं, मुलुकी देवानी कार्यविधि संहिता २०७४ लाई-देकासं, मुलुकी देवानी कार्यविधि नियमावली २०७५ लाई- देकानि र जिल्ला अदालत नियमावली २०७५ लाई -जिअनि भनी संक्षिप्त रुपमा उल्लेख गरिएको छ।

| | | |
|---|---|---|
| | - यहि विषयमा अन्य अदालतमा नालिश गरे नगरेको ब्यहोरा खुलाएको छ छैन,<br>- संगठित संस्थाको तर्फबाट फिरादपत्र ल्याउने व्यक्तिको हकमा फिरादपत्र दर्ता गर्ने अख्तियारी संलग्न छ छैन,<br>- सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा मुद्दा दर्ता गर्न आएकोमा अलग्गै अनुमतिको निवेदन छ छैन,<br>- प्रतिबादीको नामको म्याद बादी आफै वा निजको कानून व्यवसायी मार्फत तामेल गर्ने भएमा सो व्यहोरा खुलाएको छ छैन,,<br>• फिरादपत्र जाँच गर्दा उल्लिखित कुराहरूको रित पुगेको भए दर्ता कितावमा दर्ता गरी भरपाई दिनुपर्छ।<br>• फिरादपत्र साथ पेश गरेको लिखतको प्रतिलिपि सक्कल लिखतसंग रुजु गरी सक्कल लिखतमा अड्डाको छाप लगाई दस्तखत गरी फिर्ता गर्नुपर्छ।<br>• सो बमोजिम रीत नपुगेको भए दरपीठ गरी फिर्ता गर्नुपर्छ।<br>• फिरादपत्र दर्ता गर्दा सोको बिद्युतीय प्रति समेत लिनु पर्छ। | |
| **फिराद तथा दाबी प्रस्तुती** | • कानून बमोजिम हक प्रचलनको लागि दाबी लिन चाहाने ब्यक्तिले अदालत समक्ष फिराद दिनुपर्छ। | दफा ८५ |
| | • फिरादमा एउटा व्यक्तिले एउटै व्यक्ति उपर देवानी विषयका जतिसुकै विषयमा दाबी लिन सक्छ। | दफा ८७ |
| | • एउटै विषयको विवादको सम्बन्धमा एकजना वा जतिसुकैजनाले एकजना वा जतिसुकै जना उपर एउटै फिरादपत्र दिन पाउछन्। | दफा ८८ |
| | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हक हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विषयमा जोसुकैले अदालतको अनुमति लिई फिरादपत्र दर्ता गर्न पाउछ।<br>• अनुमतिको लागि निवेदन दिंदा फिराद पत्र साथै छुट्टै निवेदन दिनुपर्छ।<br>• त्यस्तो निवेदन परेमा सोही दिन स्रेस्तेदारले अनुमति दिने नदिने विषयमा | दफा ९१<br>जिअनि१० |

| | | |
|---|---|---|
| | निर्णय गर्नुपर्छ। | |
| | • अदालतबाट मुद्दा डिसमिस, खारेज, फैसला वा मिलापत्र भएको कारणबाट तेस्रो पक्षको हकमा असर परेमा **त्यस्तो मर्का पर्ने पक्षले** सो फैसला वा मिलापत्र बदर गराई आफ्नो हक कायम गर्नको लागि **थाहा पाएको मितिले ३५ दिन** भित्र फिराद दिन पाउछ। | दफा ९२ |
| | • संगठित संस्थाको तर्फबाट फिराद दिन ल्याउने प्राकृतिक व्यक्तिले सो संस्थाको सञ्चालक, सञ्चालक समिति वा व्यवस्थापन समितिको निर्णयबाट अख्तियारी पाएको हुनुपर्छ र सो निर्णयको प्रमाणित प्रतिलिपि फिरादसाथ पेश गर्नुपर्छ।<br>• नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका कार्यालय, संवैधानिक निकाय वा अदालतको तर्फबाट फिराद दायर गर्दा सो निकायको प्रशासनिक प्रमुखको रूपमा काम गर्ने ब्यक्तिबाट दायर हुनुपर्छ। | दफा ९३ |
| | • एकै विषयमा भिन्न भिन्न पक्षले एकै अदालतमा वा छुट्टाछुट्टै अदालतमा फिराद गरेकोमा पहिले दर्ता भएको फिराद बमोजिम मात्र कारवाही हुन्छ।<br>• तर कानून बमोजिम दुवै पक्षको फिराद लाग्ने अवस्थामा दुवै फिराद बमोजिम कारवाहि हुन सक्छ। | दफा ८९ |
| **नाबालक, अशक्त तथा वेपत्ता भएको व्यक्तिको तर्फबाट मुद्दा गर्न सक्ने** | • देहायको ब्यक्तिहरूको तर्फबाट संरक्षक वा माथवरले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र दिन सक्दछन्:<br>- नाबालक,<br>- अशक्त वृद्ध<br>- दृष्टिविहीन,<br>- बोल्न नसक्ने,<br>- होस ठेगानमा नरहेको वा<br>- बिना सूचना लगातार तीन वर्षदेखि घर छाडी हिडेको वा विदेशमा गई | दफा २६७<br>जिअनि१० |

| | | |
|---|---|---|
| | फर्की आउने ठेगान नभएको<br>• त्यस्ता ब्यक्तिको तर्फबाट मुद्दा गर्न संरक्षक वा माथवरले अनुमतिको लागि अदालत समक्ष छुट्टै निवेदन दिई स्रेस्तेदारबाट अनुमति लिनु पर्नेछ।<br>• यस्तो निवेदन परेमा वेपत्ता भएको ब्यक्तिको सम्बन्धमा भए १५ दिनभित्र र अन्यका हकमा ७ दिनभित्र निर्णय गर्नुपर्छ। | |
| **भरपाई लिनु वा दिनु पर्ने** | • अदालतमा फिरादसाथ दाखिल भएको कुनै सक्कल लिखत कुनै व्यक्तिलाई फिर्ता दिंदा वा बुझाउँदा सो व्यहोराको भरपाई वा निस्सा लिई मिसिल सामेल राख्नुपर्छ।<br>• अदालतले सक्कल लिखत बुझी लिँदा लिखतमा कुनै केरमेट भएको भए सो समेत खुलाई लिखत पेश गर्ने व्यक्तिलाई भरपाई दिनु पर्छ। | दफा २८० |
| **मुद्दाको कार्यतालिका निर्माण गर्ने** | • मुद्दा दायर भएपछि सो मुद्दामा देहायका कारवाहीको लागि लाग्ने अवधिको पूर्वानुमान गरी कार्यतालिका निर्माण गरी पक्षको दस्तखत गराई मिसिल सामेल गरी सो को प्रतिलिपि पक्षलाई दिनु पर्छः<br>✓ म्याद वा सूचना जारी गर्ने,<br>✓ म्याद वा सूचना तामेल गर्ने,<br>✓ प्रतिबादी चुक्ता हुने,<br>✓ प्रतिदावी लिएकोमा लिखित प्रतिवाद पेश गर्ने,<br>✓ प्रारम्भिक सुनुवाई गर्ने,<br>✓ साक्षी प्रमाण बुझ्ने,<br>✓ बादी प्रतिबादीको पूर्वसुनुवाई छलफल गर्ने,<br>✓ अन्य कारवाही गर्ने,<br>✓ फैसला गर्ने ।<br>• कुनै कारवाही निर्धारित मितिमा सम्पन्न हुन नसकेमा सोको कारण खोली संशोधित कार्यतालिका प्रमाणित गरी पक्षलाई जानकारी दिनु पर्छ । | देकानि नियम२६ |

२. हकदैया

| | | |
|---|---|---|
| हकदैया | • वादीले आफ्नो हक पुग्ने विषयमा मात्र दावी लिन पाउँछ। हक नपुग्ने विषयमा दावि लिन सकिदैन। हक नपुग्ने विषयमा दायर भएको फिरादपत्र खारेज हुन्छ। | दफा ८६ |

**३ अधिकारक्षेत्र सम्बन्धी**

| **बिषय** | **कार्यविधि** | **कानून** |
|---|---|---|
| **अधिकारक्षेत्र** | • मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न अदालतलाई कानूनले अधिकारक्षेत्र तोकेको हुनु पर्छ।<br>• अधिकारक्षेत्र नभएको अदालतले गरेको काम कारबाही, आदेश वा निर्णय बदर हुन्छ।<br>• अदालतले कुन कानून अन्तर्गत अधिकारक्षेत्र प्राप्त गरेको हो सो कुरा फैसलामा खुलाउनु पर्छ। | देकासं दफा १६ |
| **जिल्ला अदालतको अधिकारक्षेत्र** | | |
| **संविधानमा तोकिएको जिल्ला अदालतको अधिकार क्षेत्र** | जिल्ला अदालतलाई निम्न बिषयमा अधिकार क्षेत्र हुन्छः<br>• संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्रभित्रका सम्पूर्ण मुद्दाको शुरू कारबाही र किनारा गर्ने,<br>• बन्दी प्रत्यक्षीकरण निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने,<br>• अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने,<br>• प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने,<br>• आफू र आफ्नो मातहतका अदालतहरूको अवहेलनामा कारबाही चलाई सजाय गर्ने। | नेपालको संविधान धारा १५१ |
| **न्याय प्रशासन** | • प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो जिल्ला भित्रको | न्याय |

| | | |
|---|---|---|
| **ऐन, २०७३ मा तोकिएको जिल्ला अदालतको अधिकारक्षेत्र** | जुनसुकै प्रकृतिका मुद्दाको शुरु कारवाही र किनारा गर्ने।<br>• संविधानको धारा १४५ को उपधारा (२) बमोजिम उच्च अदालतले अर्को जिल्ला अदालतबाट मुद्दा सारी सुनुवाई गर्न आदेश दिएको मुद्दामा शुरू कारबाही र किनारा गर्ने।<br>• आफ्नो जिल्लाभित्र कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने।<br>• आफ्नो जिल्लाभित्र कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा वा आघात पुऱ्याउने आशङ्का भएमा त्यस्तो हकको प्रचलनको लागि निषेधाज्ञाको आदेश जारी गर्ने।<br>• प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो जिल्लाभित्र संघीय कानून बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने। | प्रशासन ऐन, २०७३ दफा ७ |
| **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | • स्थानीय न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्छ। | दफा ५१ |

| | | |
|---|---|---|
| **देवानी कार्यविधि संहितामा जिल्ला अदालतको अधिकार क्षेत्र** | • **सम्पत्तिको जाँचबुझ गर्नुपर्ने निम्न मुद्दाको क्षेत्राधिकार घर, जग्गा वा सम्पति रहेको जिल्लाको जिल्ला अदालतमा रहन्छः**<br>○ स्थलगत जाँचबुझ गर्नुपर्ने अचल सम्पतिसम्बन्धि मुद्दा,<br>○ सुविधाभार, कुलो साँध सम्बन्धी मुद्दा<br>○ घर जग्गा वा सम्पति जाँच गर्नु पर्ने मुद्दा<br>**निम्न प्रकृतिका मुद्दामा सम्पति रहेको जिल्लाको जिल्ला अदालतमा क्षेत्राधिकार रहन्छः**<br>○ वहाल वाली वा विगोको प्रश्न समावेश भएको वा सम्पतिको स्वामित्व वा भोग चलन वा हक सम्बन्धी,<br>○ अचल सम्पति रोक्का राख्ने वा निखन्ने सम्बन्धी,<br>○ अचल सम्पति वाँडफाँडसम्बन्धी,<br>○ अचल सम्पति धितोबन्धक राख्ने, भोग्ने, चलन चलाउने सम्बन्धी,<br>○ अचल सम्पति उपरको कुनै सरोकार वा शर्त सम्बन्धी,<br>○ अचल सम्पतिसँग सम्बन्धित क्षतिपूर्ति | दफा १८ |
| | • **अंश मुद्दा भए वादी वा प्रतिवादी भएको जुनसुकै जिल्ला अदालतमा क्षेत्राधिकार रहन्छ।**<br>• **माथि लेखिएबाहेक अन्य मुद्दामा प्रतिवादी रहेको वा काम भएको जिल्ला अदालतमा क्षेत्राधिकार रहन्छ।** | दफा १९ |
| **प्रतिवादी रहेको वा काम भएको जिल्ला अदालतको अधिकार क्षेत्र** | • बसोबास गरेको भन्दा अन्य जिल्लामा लेनदेन कारोवार गरेको भए कारोवार गरेको वा वादी वा प्रतिबादी रहेबसेको कुनै एक जिल्ला अदालत,<br>• दुईभन्दा वढी प्रतिवादी भएमा सबभन्दा बढी प्रतिवादी भएको जिल्ला अदालत,<br>• समान संख्याका प्रतिवादी एक भन्दा वढी जिल्लामा वसेको भएमा कुनै एक जिल्ला अदालत,<br>• प्रतिवादी रहेको जिल्ला भन्नाले प्रतिवादी बसोवास गरेको वा कानूनी | दफा १९ |

| | | |
|---|---|---|
| | व्यक्तिको सम्बन्धमा प्रधान कार्यालय रहेको ठाउँ जनाउँछ। | |
| **विदेशमा भएको कारोवार सम्बन्धी मुद्दाको अधिकारक्षेत्र** | • विदेशमा भएको लेनदेन व्यवाहार र करारका सम्बन्धमा नेपालको अदालतमा मुद्दा दायर गर्न सक्ने गरी त्यस्तो लिखत वा करारमा उल्लेख भएको भए वादी वा प्रतिवादी वसोवास गरेको कुनै जिल्ला अदालतमा फिराद लाग्ने,<br>• लेनदेन व्यवहार र करारको लिखतमा कुनै खास जिल्ला अदालत उल्लेख भएकोमा सोही जिल्ला अदालतमा फिराद लाग्ने, | दफा २० |
| **वायुयान वा पानी जहाज भित्र भएको कारोवार** | • नेपालमा दर्ता भएको वायुयान वा पानी जहाज नेपाल वाहिर रहेको अवस्थामा सो वायुयान वा जहाजभित्र भएको कारोवार सम्बन्धी मुद्दा दफा २० को अधिनमा रही नेपालको अदालतमा फिराद लाग्छ। | दफा २१ |
| **माथिल्लो अदालतको अधिकार क्षेत्र** | • तल्लो तह र माथिल्लो तहको अदालतको अधिकार क्षेत्रभित्र पर्ने कुनै विषयमा तल्लो र माथिल्लो दुवै तहमा मुद्दा दायर भएमा माथिल्लो अदालतमा क्षेत्राधिकार रहन्छ।<br>• दुबै अदालतमा मुद्दा दायर भएको जानकारी हुन आएमा तल्लो तहको अदालतले माथिल्लो तहको अदालतमा मुद्दा दायर भए नभएको बुझी दायर भएको देखिएमा आफ्नो अदालतको मुद्दा खारेज गरी माथिल्लो तहको अदालतलाई सो को जानकारी दिनु पर्छ । | दफा २२<br>देकानि ३ |
| **नियमित अदालतले हेर्ने** | • एउटै विषयमा अदालत र अन्य न्यायिक निकाय दुवैमा मुद्दा दायर भएकोमा नियमित अदालतबाट कारवाही र किनारा हुनेछ। | दफा २३ |
| **राष्ट्रसेवक वादी वा प्रतिवादी भएको विषय** | • राष्ट्रसेवकले पदीय हैसियतमा कसै उपर फिरादपत्र दिदा वा कसैले राष्ट्रसेवक उपर पदीय हैसियतमा प्रतिवादी बनाई फिराद दिंदा तत्काल राष्ट्रसेवक कार्यरत रहेको वा वादी रहेको जिल्ला अदालतमा दिन सक्ने,<br>• राष्ट्रसेवकले निजी हैसियतमा फिराद वा प्रतिउत्तर दिंदा आफू कार्यरत रहेको जिल्ला अदालतमा दर्ता गर्न सक्ने,<br>• दर्ता हुने देखिएमा दर्ता गरी निजलाई सोही अदालतमा तारिखमा राखी ३ दिनभित्र त्यस्तो फिराद र प्रतिउत्तर सम्बन्धित जिल्ला अदालतमा पठाउनु | दफा २४<br>देकानि ४ |

| | | |
|---|---|---|
| | पर्ने। | |
| **कानूनमा अधिकारक्षेत्र नतोकिएको विषयको अधिकार क्षेत्र** | • कानूनमा कुनै अदालत वा अधिकारीलाई अधिकार क्षेत्र नतोकिएको विषयमा सम्बन्धित जिल्ला अदालतलाई क्षेत्राधिकार हुने।<br>• मुद्दा हेर्ने अधिकार भएको अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अवधिसम्मको लागि सम्बन्धित जिल्ला अदालतलाई क्षेत्राधिकार हुने। | दफा २५ |
| **भिन्न भिन्न अदालतमा फिराद दायर भएकोमा कार्यविधि** | • एउटै विषयमा भिन्न भिन्न अदालतमा फिरादपत्र दर्ता भएको मुद्दामा पक्षको सहमति भए कुनै एक अदालतको फिरादपत्र कायम राखी अर्को अदालतलाई सोको जानकारी पठाउनु पर्छ।<br>• पक्षहरूवीच सहमति नभएमा कुन फिराद पहिले दर्ता भएको हो भन्ने सम्वन्धमा बुझी एकिन गर्नुपर्छ।<br>• त्यसरी बुझ्दा आफ्नो अदालतमा दर्ता भएको फिरादपत्र पछि दर्ता भएको देखिएमा सो फिरादपत्र खारेज गरी अर्को अदालतलाई जानकारी दिनु पर्छ।<br>• आफ्नो अदालतमा दर्ता भएको फिरादपत्र पहिले दर्ता भएको देखिएमा त्यस्तो फिरादपत्र कायम रहने ब्यहोराको जानकारी अर्को अदालतलाई दिनु पर्छ ।<br>• त्यसरी जानकारी प्राप्त भएमा सो अदालतले आफूकोमा दर्ता रहेको फिरादपत्र खारेज गरी सो व्यहोराको जानकारी पहिले फिरादपत्र दर्ता रहेको अदालतलाई दिनु पर्नेछ। | दफा २६<br>देकानि ५ |
| **उच्च अदालतको अधिकार क्षेत्र** | | |
| **उच्च अदालतको क्षेत्राधिकार** | • नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि देहायका विषयमा बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने अधिकार रहनेः<br>○ अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि, | नेपालको संविधान धारा १४४ |

| | | |
|---|---|---|
| | ○ सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि,<br>तर,अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय संसद वा प्रदेश सभाको आन्तरिक काम कारबाही र संघीय संसद वा प्रदेश सभाले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा उच्च अदालतले हस्तक्षेप गर्न पाउदैन।<br>• संघीय कानून बमोजिम शुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार हुने।<br>• संविधानको धारा १३४(२) बमोजिम सर्वोच्च अदालतले अर्को उच्च अदालतबाट सारी हेर्न आदेश दिएको मुद्दा हेर्ने,<br>• **धारा १४५ बमोजिम उच्च अदालतलाई प्रदत्त क्षेत्राधिकारः**<br>  • मातहत अदालतमा विचाराधीन रहेका मुद्दामा रहेको प्रदेश कानून सम्बन्धी प्रश्नको निराकरणको लागि मुद्दा झिकाई हेर्न सक्ने।<br>  • विशेष परिस्थितिमा एक जिल्लाबाट अर्को जिल्ला अदालतमा मुद्दा सार्न सक्ने।<br>• मातहतको एउटा जिल्ला अदालतको मुद्दा अर्को जिल्ला अदालतमा सार्न सक्ने अधिकारलाई मुलुकी देवानी कार्यविधि संहिताको दफा २०३(३) मा पनि ब्यबस्था गरिएको छ। | |
| **न्याय प्रशासन ऐन, २०७३ मा रहेको उच्च अदालतको अधिकार क्षेत्र** | • संविधानको धारा १४४ को उपधारा (१) बमोजिम परेका निवेदनमा सुनुवाई गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार हुनेछ।<br>**देहायका मुद्दामा शुरू कारबाही र किनारा गर्ने अधिकार हुन्छः**<br>- संघीय कानून बमोजिम उच्च अदालतबाट शुरू कारबाही र किनारा हुने मुद्दा,<br>- संविधानको धारा १४५ को उपधारा (१) बमोजिम मातहतका अदालतबाट झिकाईएको मुद्दा।<br>• देहायका मुद्दामा उच्च अदालतलाई पुनरावेदन सुनी निर्णय गर्ने अधिकार | दफा ८ |

| | | |
|---|---|---|
| | हुन्छः<br>- आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रको जिल्ला अदालतले शुरू कारबाही र किनारा गरेको मुद्दा<br>- न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको शुरू निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरी निर्णय गरेको मुद्दा,<br>- जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गरेको सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको,<br>- पुनरावेदनको रोहमा जिल्ला अदालतबाट निर्णय हुँदा कैद सजाय भएको वा एक लाख रूपैयाँभन्दा बढी जरिवाना भएको वा पाँच लाख रूपैयाँभन्दा बढी विगो समावेश भएको मुद्दा,<br>- संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्रको कुनै न्यायिक निकायले शुरु कारबाही र किनारा गरेको मुद्दा।<br>• उच्च अदालतलाई संघीय कानून बमोजिम साधक जाँच्ने अधिकार हुनेछ। | |
| **सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र** | | |
| **न्यायिक पुनरावलोकनको अधिकारक्षेत्र** | सर्वोच्च अदालतलाई देहायबमोजिमका कानून प्रारम्भदेखि नै वा निर्णय भएका मितिदेखि लागूहुनेगरी **अमान्य र बदर घोषित गर्ने** न्यायिक पुनरावलोकनको अधिकार क्षेत्र हुन्छः<br>• संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाईएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएकोमा त्यस्तो कानून वा त्यसको कुनै भाग,<br>• प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कानूनसँग बाझिएकोमा सो कानून वा त्यसको कुनै भाग,<br>• नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कानूनसँग बाझिएकोमा त्यस्तो कानून वा सोको कुनै भाग, | नेपालको संविधानको धारा १३३ |

| | | |
|---|---|---|
| **सर्वोच्च अदालतको रिट सम्बन्धी असाधारण अधिकारक्षेत्र** | • **सर्वोच्च अदालतलाई देहायको अवस्थामा बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायतका अन्य उपयुक्त आदेश जारी गर्न सक्ने रिट सम्वन्धी क्षेत्राधिकार हुन्छः**<br>- संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा<br>- अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा<br>- सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि<br>• तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय संसद वा प्रदेश सभाको आन्तरिक काम कारबाही र संघीय संसद वा प्रदेश सभाले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन। | नेपालको संविधानको धारा १३३ |
| **साधारण अधिकारक्षेत्र** | **सर्वोच्च अदालतको साधारण अधिकारक्षेत्र देहायबमोजिम हुन्छः**<br>- संघीय कानूनमा व्यवस्था भए बमोजिम मुद्दाको शुरु कारबाही र किनारा गर्ने,<br>- पुनरावेदन सुन्ने,<br>- साधक जाँच्ने,<br>- मुद्दा दोहोऱ्याउने,<br>- निवेदन सुन्ने,<br>- आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने,<br>- संविधान र कानूनको ब्याख्या सम्वन्धी प्रश्न समावेश भएको सार्वजनिक महत्वको विषयमा सर्वोच्च अदालतबाट निर्णय हुन उपयुक्त छ भनी उच्च अदालतले राय सहित सिफारिस गरेको मुद्दाको निरोपण गर्ने | नेपालको संविधानको धारा १३३ |
| **मुद्दा झिकाई हेर्ने** | • समान प्रश्न समावेश भएको मुद्दा उच्च अदालत र सर्वोच्च अदालतमा | धारा १३४ |

| | | |
|---|---|---|
| **र सार्न सक्ने सर्वोच्च अदालतको क्षेत्राधिकार** | बिचाराधिन रहेको र त्यस्तो प्रश्न सार्वजनिक महत्वको हो भन्ने लागेमा सर्वोच्च अदालतले उच्च अदालतको मुद्दा झिकाई साथै राखी फैसला गर्ने अधिकार,<br>• न्यायिक निश्पक्षतामा प्रश्न उठ्ने बिशेष परिस्थितिमा एउटा उच्च अदालतको मुद्दा अर्को उच्च अदालतमा सार्न सक्ने अधिकार,<br>मुद्दा सार्ने र झिकाई हेर्ने सर्वोच्च अदालतको संवैधानिक अधिकारलाई मुलुकी देवानी कार्यविधि संहिताको दफा २०३ मा पनि ब्यबस्था गरिएको छ। | |

**४ हदम्याद सम्वन्धी व्यवस्था**

| बिषय | कार्यविधि | कानून |
|---|---|---|
| **हदम्याद भित्र फिराद गर्नु पर्ने** | • कानूनमा तोकिएको हदम्यादको समयावधि भित्र फिराद दर्ता गर्न ल्याएमा दर्ता गरिदिनु पर्छ। हदम्याद नाघी ल्याएको फिराद दर्ता गर्नु हुँदैन। | दफा ४७ |
| **कानूनमा हदम्याद उल्लेख नभएकोमा** | • कानूनमा हदम्याद उल्लेख नभएको विषयमा मुद्दा दिनुपर्ने कारण परेको मितिले ६ महिना भित्र फिराद दर्ता गर्न ल्याउनुपर्छ। | दफा ४८ |
| **हदम्यादको प्रारम्भ** | • कुनै कानूनमा हदम्याद प्रारम्भ हुने व्यवस्था रहेको भए सोही व्यवस्था अनुसारको अवधिभित्र दर्ता गर्न ल्याउनुपर्छ।<br>• कुनै कानूनमा हदम्याद प्रारम्भ हुने व्यवस्था नभएकोमा फिराद गर्नु पर्ने कारण परेको मितिले हदम्याद भित्र दर्ता गर्न ल्याउनुपर्छ। | दफा ४९ |
| **नाबालक वा होस ठेगानामा नभएका व्यक्तिको हदम्याद** | **नाबालक वा होस ठेगानामा नभएको व्यक्तिको सम्बन्धमा देहायबमोजिम हदम्याद प्रारम्भ हुन्छः**<br>• नाबालकको हकमा निज १८ वर्ष पुगी वालिग भएको दिन देखि,<br>• मुद्दा दर्ता गर्नु पर्ने हदम्याद शुरु हुनु भन्दा अगाडि नै फिराद गर्नुपर्ने व्यक्तिको होस ठेगानामा नभएको भए निज होस ठेगानामा आएको | दफा ५२ |

| | | |
|---|---|---|
| | मितिदेख,<br>• कुनै व्यक्तिको मुद्दा गर्ने हदम्याद शुरु भएपछि निजको होस ठेगानामा नरहेको अवस्थामा होस ठेगाना नरहेको दिन कट्टा गरी हुन आउने बाँकि हदम्यादको अवधिभित्र,<br>• त्यसरी होस ठेगानामा नभएको व्यक्ति होस ठेगानामा आएपछि हदम्यादको अवधि १५ दिनभन्दा कम बाँकि भएकमा १५ दिनभित्र। | |
| **कुनै काम थाहा पाउन नसक्ने अवस्था परी हदम्याद गुज्रेमा** | • कसैले धोका, किर्ते, जालसाज र षडयन्त्र गरेको कारण वा यस्तै अन्य कारण परेको र गोप्य रुपमा भएको कुनै कामको कारणबाट त्यस्तो काम कुरा भएको थाहा पाउन नसक्ने स्थिति परी हदम्याद गुज्रेमा थाहा पाएको मितिले ९० दिन भित्र सोही कारण उल्लेख गरी प्रमाण सहित फिराद दिन आएमा दर्ता गर्नुपर्छ।<br>• उक्त कारण परी हदम्याद गुज्रन गएकोमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै संगठित संस्थाको हकमा फिराद गर्नुपर्ने कुराको जानकारी पाएको मितिलाई थाहा पाएको मिति मान्नुपर्छ। | दफा ५० |
| **सार्वजनिक विदा परेमा** | • मुद्दा दायर गर्नु पर्ने हदम्याद पुग्ने अन्तिम दिन पुरै वा आधा दिनको सार्वजनिक विदा परेमा त्यसपछि अदालत खुलेको पहिलो दिन उक्त विदा परेको कारण खुलाई फिराद दिन ल्याएमा दर्ता गर्नुपर्छ। | दफा ५१ |
| **संरक्षक वा माथवरले फिराद दिन पाउने** | • नाबालक वा होस ठेगानामा नरहेका व्यक्तिको हकमा कानून बमोजिम निजहरूका संरक्षक वा माथवर व्यक्तिले सो को प्रमाण सहित कानूनको हदम्यादभित्र फिराद दिन ल्याएमा दर्ता गर्नुपर्छ। | दफा ५४ |
| **हकवालाको हदम्याद प्रारम्भ हुने अवस्था** | • फिराद गर्नु पर्ने १८ बर्ष मुनिका बालबालिका र होस ठेगानामा नरहेको व्यक्ति वालिग वा होस ठेगानमा नहुँदै मृत्यु भएमा मृत्यु भएका मितिले हदम्याद शुरु हुन्छ।<br>• नाबालक वालिग भएपछि र होस ठेगानामा नरहेको व्यक्ति होस ठेगानामा आएपछि मृत्यु भएको अवस्थामा निजहरूको ३५ दिन वा सो भन्दा बढी हदम्याद बाँकि रहेको भए सोही हदम्याद कायम हुन्छ। | दफा ५३ |

| | | |
|---|---|---|
| | • नाबालक वालिग भएपछि वा होस ठेगानामा नरहेको व्यक्ति होस ठेगानामा आएपछि निजहरूको मृत्यु हुँदा ३५ दिन वा सो भन्दा कम हदम्याद बाँकि रहेको भए मृत्यु भएको मितिले ३५ दिन हदम्याद कायम हुन्छ। | |
| **नाबालक र होस ठेगानामा नभएको व्यक्तिको हदम्याद स्थगन नहुने** | • नाबालक वा होस ठेगानामा नरहेको व्यक्ति र अन्य व्यक्तिले समेत संयुक्त रुपमा फिराद दिन पर्ने अवस्था भएकोमा अन्य व्यक्तिले फिराद दिएको र नाबालक वा होस ठेगानामा नभएका व्यक्तिको हदम्याद भित्र फिराद नपरेको भए पनि निजहरूको हदम्याद जाँदैन। निजहरूका हकमा छुट्टै फिराद दिन देवानी कार्यविधि संहिताको दफा ५२ बमोजिमको हदम्याद कायम हुन्छ। | दफा ५५ |
| **क्षेत्राधिकारविहीन अदालतमा दायर भएको फिरादको हदम्याद** | • कुनै अदालतमा फिराद दायर भएपछि सो मुद्दा हेर्ने क्षेत्राधिकार नभएको कारण फिराद खारेज हुने निर्णय भएकोमा पक्षले हदम्याद ढाँटी फिराद दर्ता गराएको र क्षेत्राधिकार नभएको भनी अदालतले फिराद दरपीठ गरेको अवस्थामा बाहेक देहाय बमोजिमको हदम्याद कायम हुन्छः-<br>- फिराद दायर गर्दा जति दिन हदम्याद बाँकि थियो त्यति नै अवधिको हदम्याद भित्र क्षेत्राधिकार भएको अदालतमा फिराद गर्न पाउने,<br>- त्यस्तो अवधि ७ दिन भन्दा कम रहेकोमा ७ दिन सम्म फिराद गर्ने हदम्याद कायम हुने,<br>- क्षेत्राधिकारविहीन फिराद हो भन्ने जानकारी अदालतलाई भएपछि पनि निर्णय नगरेको कारणले मात्र हदम्याद भित्र क्षेत्राधिकार भएको अदालतमा अर्को फिराद गर्न त्यस्तो पक्षलाई बाधा नपर्ने। | दफा ५७ |
| **स्वीकृति प्राप्त मितिबाट हदम्याद प्रारम्भ** | • कुनै व्यक्ति, संस्था वा पदाधिकारी उपर फिराद दायर गर्नु अघि कसैको स्वीकृति प्राप्त गर्नु पर्ने भनी कानूनमा उल्लेख भएकोमा त्यस्तो स्वीकृतिको सूचना प्राप्त गरेको मितिबाट फिराद गर्ने हदम्याद शुरु हुन्छ। | दफा ६० |

| | | |
|---|---|---|
| **हुने** | | |
| **अधिकारी तोकेपछि हदम्याद सुरु हुने** | • कुनै कानूनमा उल्लेख भएको हदम्याद भित्र मुद्दा हेर्ने अधिकारी, अदालत वा निकाय नतोकिएको अवस्था भएमा जुन मितिमा त्यस्तो निकाय वा पदाधिकारी तोकिएको हो सोही मितिबाट ३५ दिनभित्र फिराद गर्ने हदम्याद शुरु हुन्छ। | दफा ६१ |
| **विदेशमा भएको कारोबारको हदम्याद** | • कुनै व्यक्तिले विदेशमा गरेको काम कारबाही र कारोबारको विषयमा कानून वा करार बमोजिम नेपालको कुनै अदालतमा फिराद लाग्ने व्यवस्था भएकोमा नेपालभित्र काम कारोबार भए सरह मानी देवानी कार्यविधि संहिताको हदम्याद सम्बन्धी व्यवस्था लागु हुन्छ। | दफा ५६ |
| **हदम्याद नगुज्रने र प्रमाण पेश गर्नुपर्ने** | • हदम्यादभित्र फिराद गर्न नसक्नाको कारण उल्लेख गरी सो को पुष्टि गर्ने आवश्यक प्रमाण सहितको निवेदन साथ फिराद दिन आएमा सो व्यहोरा साँचो देखिए निम्न अवस्थामा देहाय बमोजिमको गुज्रेको अवधिको हदम्याद थामिनेछः<br>- आफ्नो नजिकको नातेदारको मृत्यु भएको र चलिआएको परम्परा अनुसार आफै किरिया वा शोकवरण गरी वस्नु परेको कारणले फिराद दायर गर्ने हदम्याद गुज्रन गएकोमा त्यस्तो व्यक्तिको मृत्यु भएको १५ दिन पुगेको मितिले बाटोको म्याद बाहेक ७ दिन।<br>- कुनै महिला सुत्केरी भएको कारणले फिराद गर्ने हदम्याद गुज्रेकोमा सुत्केरी भएको मितिले बाटोका म्याद बाहेक ६० दिन।<br>- खोलो पहिरो तथा हिउँपरी बाटो बन्द भएको वा कर्फ्यूको घोषणा भएको तथा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको कारणबाट फिराद गर्ने हदम्याद गुज्रेकोमा बाटो खुलेको वा सवारी साधन चलेको मितिले बाटोको म्याद बाहेक १५ दिन।<br>- कसैले अपहरण गरेको वा शरीर बन्धक बनाएको कारणले फिराद दिने हदम्याद गुज्रेकोमा त्यस्तो अपहरण वा बन्धकबाट छुटकारा | दफा २ ५८ ५९ |

| | | |
|---|---|---|
| | पाएको मितिले बाटोको म्याद बाहेक १५ दिन।<br>- भूकम्प वा ज्वालामुखी जस्ता विपदका कारणले फिराद दिने हदम्याद गुज्रेकोमा त्यस्तो विपद परेको मितिले बाटोको म्याद बाहेक १० दिन।<br>- अचानक कुनै दुर्घटनामा परी अचेत भएको वा हिडडुल गर्न नसक्ने र कडा रोग लागेको कारणबाट हिडडुल गर्न नसकि अस्पतालमा भर्ना भई उपचार गरिरहेको कारणबाट फिराद गर्ने हदम्याद गुज्रेकोमा अस्पतालमा भर्ना भएको मितिले बाटोको म्याद बाहेक १५ दिन। | |
| **हदम्यादको अवधि गणना** | • हदम्यादको अवधि देहाय बमोजिम गणना गर्नु पर्दछः-<br>- दिन गन्तीमा हदम्यादको अवधि तोकिएको भए दिन गन्तीको हिसावले,<br>- हदम्यादको दिन गन्ती गर्दा हदम्याद सुरु भएको भोलिपल्ट देखि,<br>- हदम्यादको अवधि महिनामा तोकिएको भए जति दिनको महिना भए पनि संक्रान्तिको हिसाबले,<br>- हदम्यादको अवधि वर्षमा तोकिएको भए १२ महिनाको १ बर्ष मानी हुन आउने बर्षको हिसाबले। | दफा ६२ |

**५ दरपीठ सम्बन्धी ब्यबस्था**

| बिषय | कार्यविधि | कानून |
|---|---|---|
| **त्रुटी देखिएको लिखतको दरपीठ गरी सच्याउन मौका दिनुपर्ने** | • फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेनपत्रमा ढाँचा नमिलेको, खुलाउनु पर्ने व्यहोरा नखुलाएको, लेखाई, प्रस्तुति अपूर्ण भएको, अङ्क अक्षर फरक परेको जस्ता त्रुटि देखिएमा सच्याई ल्याउन दरपीठ गरी फिर्ता दिनुपर्छ।<br>• यसरी दरपीठ गर्दा ३ दिनभन्दा वढीको हदम्याद वा म्याद बाँकी भए सोही हदम्याद वा म्याद भित्र र ३ दिन भन्दा कम बाँकी भए ७ दिन भित्र त्रुटी सच्याई ल्याउन समय दिनुपर्छ। | देकासं दफा १२७<br>देकानि १३ |

| | | |
|---|---|---|
| | • उल्लिखित हदम्याद वा म्यादभित्र सच्याई ल्याएमा लिखत दर्ता गर्नुपर्छ।<br>• रित पुऱ्याउन वा सच्याउन फिर्ता दिएको वा दरपीठ गरेको लिखतको अभिलेख देवानी कार्यविधि नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा राख्नु पर्छ। | |
| **हेर्न नमिल्ने लिखतको दरपीठ** | • हदम्याद वा म्यादभित्र नभएको, अधिकारक्षेत्र नभएको, अदालतले हेर्न नपर्ने वा नहुने वा कानून विपरीत भएको लिखत दर्ता गर्न नमिल्ने हुँदा कारण जनाई दरपीठ गरी फिर्ता गर्नुपर्छ।<br>• दरपीठ गरिएको लिखतको एकप्रति अभिलेखको रुपमा राख्नुपर्छ। | दफा ९०(३), ९८(४), १२८, १२९ |
| **दरपीठ उपरको निवेदन** | • लिखतमा भएको दरपीठ उपर ७ दिनभित्र न्यायाधीश समक्ष र न्यायाधीशले दरपीठ गरेको भए पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ।<br>• लिखतमा भएको दरपीठ आदेश उपर परेको निवेदनमा न्यायाधीशबाट सदर हुने गरी आदेश भएकोमा सो उपर १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ।<br>• पुनरावेदन सुन्ने अदालतले त्यस्तो निवेदनमा कैफियत प्रतिवेदन गरी वा नगरी १५ दिनभित्र मातहतको आदेश सदर वा बदर हुनेगरी आदेश दिनु पर्छ।<br>• दरपीठ आदेश बदर भई लिखत दर्ता गर्ने गरी आदेश भएमा आदेश प्राप्त भएकै दिन दर्ता गर्नुपर्छ। | दफा १३०, १५७ |

## ६. अदालती शुल्क र दस्तूर

अदालतमा फिराद, प्रतिउत्तर, प्रतिदावि, पुनरावेदनपत्र, निवेदन लगाएतका लिखतहरु दर्ता गर्दा अदालती शुल्क र दस्तुर दाखिल गर्नु पर्छ। साविक कोर्ट फी ऐन, २०१७ बमोजिमको कोर्ट फि लाई देवानी कार्यविधि संहितामा अदालती शुल्क भनिएको छ। अदालती शुल्क बाहेकका अदालतमा बुझाईने अन्य रकमलाई दस्तुर भनिएको छ। अदालती शुल्क सम्पत्तिको मूल्य वा विगोको आधारमा नगदै लिनुपर्छ।लाग्ने अदालती शुल्क भन्दा कम दाखिल भएको देखिएमा नपुग अदालती शुल्क तुरुन्त दाखिल गर्न लगाउनु पर्छ र भुलवश बढी

दाखिल भएको देखिए फिर्ता गर्नु पर्छ। अदालती शुल्क दाखिल नगरी दर्ता भएका फिरादपत्र, पुनरावेदन पत्र, पुनरावलोकन वा दोहोऱ्याई हेरिने मुद्दा खारेज हुन्छन्। देवानी कार्यविधि संहितामा अदालती शुल्क तथा दस्तुर सम्वन्धमा देहाय बमोजिम ब्यवस्था गरिएको छ।

| विषय | कार्यविधि | कानूनी ब्यबस्था |
|---|---|---|
| मुद्दामा अदालती शुल्क लाग्ने अवस्था | • फिरादपत्र, पुनरावेदनपत्र, प्रतिदावी, पुनरावलोकन र दोहोऱ्याई पाउने गरी आदेश भएका मुद्दामा अदालती शुल्क दाखिल गर्न लगाएर मात्र दर्ता गर्नुपर्छ।<br>• अदालती शुल्क दाखिल नगरी मुद्दामा कुनै कारवाही गर्न हुँदैन र शुल्क दाखिल नगरी दर्ता भएको भए त्यस्ता मुद्दा खारेज हुन्छ। | देकासं दफा ६३(१), ६४ |
| अदालती शुल्क नलाग्ने मुद्दाहरू | **देहाएका मुद्दामा अदालती शुल्क लाग्दैनः**<br>• नेपाल सरकार वा प्रदेश सरकार वादी हुने मुद्दा,<br>• स्थानीय तहको क्षेत्राधिकार भित्रको सार्वजनिक वा सरकारी सम्पत्तिको उपयोग सम्वन्धी मुद्दा,<br>• नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको निकायबाट कारवाही हुने नेपाल सरकारको हकहित वा सरोकार निहीत रहेको मुद्दा, | दफा ६३(२)(३) |
| अदालती शुल्क पछि बुझाउन पाउने सुविधा | • अदालती शुल्क दाखिल गर्नुपर्ने व्यक्तिले निम्न आधार देखाई अदालती शुल्क दाखिल गर्न असमर्थ रहेको भनी निवेदन गर्न सक्छन्:<br>- आफ्नो आर्थिक अवस्था अत्यन्त कमजोर भै अदालती शुल्क पूर्ण वा आंशिक रूपमा बुझाउन असमर्थ भएको,<br>- मुद्दा परेको बाहेक निवेदकसँग अन्य सम्पति केही नभएको<br>• सुविधा माग गर्दा उल्लेखित ब्यहोरा खुलाइ स्थानीय तहले गरेको सिफारिस निवेदन साथ पेश गर्नुपर्छ।<br>• यसरी परेको निवेदन न्यायाधीशले जाँचबुझ गर्दा सो ब्यहोरा मनासिब देखिए पर्चा खडा गरी पूर्ण वा आंशिक अदालती शुल्क | ६५(१) (क) र (ख) |

| | | |
|---|---|---|
| | पछि लिने गरी सुविधा दिने आदेश गर्न सकिन्छ।<br>• आदेश भएमा के कति शुल्क लिएको हो र के कति लिन बाँकी छ भनी मिसिलमा देखिने गरी अभिलेख राख्नु पर्छ।<br>• फैसला हुँदा तपसिल खण्डमा समेत लिएको र लिन बाँकि अदालती शुल्कको विवरण खुलाउनु पर्छ। | |
| सम्पतिको मूल्य वा विगो खुलाउने | • फिरादपत्र दिँदा दावी गरिएको वा दावी छुटाई पाउँ भनेकोमा सम्पतिको मूल्य वा विगो रकम यकिन गरी खुलाउनु पर्छ।<br>• कसैले गरिदिनुपर्ने गरिदिएन, गर्नु नपर्ने कुरा गऱ्यो वा गर्न लाग्यो भन्ने मात्र दावी भएकोमा पछि मूल्य वा विगो दिलाउने गरी निर्णय गर्नुपर्ने भएमा निर्णय गर्नु अघि वादीबाट मूल्य वा विगो बमोजिम अदालती शुल्क दाखिल गराउनुपर्छ। | दफा ६६(१), (२) र (३) |
| दावीको विगो वा मूल्य कायम गर्ने आधार<br>(अचल संपत्ति) | • अचल सम्पतिको हककायम वा दावि छुटाईपाऊ भन्ने मुद्दामा अदालती शुल्क लिंदा निम्न प्राथमिकताको आधारमा मूल्य वा विगो कायम गर्नुपर्छः<br>○ मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरेको मूल्य<br>○ करको प्रयोजनको लागि कानून बमोजिम निर्धारित मूल्य,<br>○ स्थानीय चलन चल्तिको मूल्य, | दफा ६७ |
| अदालती शुल्क लिंदा आधार लिईने मूल्य वा विगो<br>(अचल बाहेक) | **अदालती शुल्क लिंदा देहायका मूल्य वा विगोका आधारमा लिनुपर्छः**<br>• नगदको हक कायम गर्नु वा दाबी छुटाई दिनु पर्ने मुद्दामा जति रकम हक कायम गर्नु वा छुटाउनु पर्ने हो त्यस्तो अङ्क,<br>• सुन, चाँदी, रत्न वा जवाहरत समेत दिलाउन वा दाबी छुटाउन पर्नेमा नेपाल राष्ट्र बैङ्कले कायम गरेको दरले हुन आउने अङ्क,<br>• त्यस्तो दर कायम नभएकोमा प्रचलित बजार मूल्यको आधारमा हुन आउने अङ्क, | दफा ६८ |

| | | |
|---|---|---|
| | • माथि उल्लेख भए बाहेक अन्य चल सम्पत्ति दिलाउनु वा छुटाउनु पर्ने मुद्दामा त्यस्तो सम्पत्तिको प्रचलित बजार मूल्यका आधारमा हुन आउने अङ्क,<br>• त्यस्तो चल सम्पत्तिको प्रचलित बजार मूल्य यकिन नभएमा बादीले कायम गरेको मूल्य वा बिगोको अङ्क,<br>• धितोपत्र, ऋणपत्र दिलाउन वा दाबी छुटाउनु पर्ने भए धितोपत्र बजारले कायम गरेको मूल्य,<br>• जग्गाको आयस्ता दाबी गरेकोमा अघिल्लो सालको आयस्ताको अङ्क,<br>• विपद् परेको जग्गाको आयस्ता मिन्हा गरी दिएन भन्ने दाबी गरेकोमा मिन्हा गर्न दाबी गरेको अङ्क,<br>• जग्गाको आयस्ता बाहेक अन्य मिन्हा गर्न दाबी गरेकोमा त्यसरी मिन्हा गर्न दाबी गरेको अङ्क,<br>• **गुठीको सम्वन्धमा देहाय बमोजिम विगोको आधारमा शुल्क लाग्छः**<br>➢ महन्त्याइँ, पूजारी, भण्डारे आदिको हक दाबी गरेको, दाबी छुटाई दिनु पर्ने वा त्यस्तो कामबाट छुट्कारा गरी पाउँ भन्ने दाबी गरेकोमा गुठीको काम चलाई खान पाउने शेष बाँकीको अङ्कबाट,<br>➢ अरु दाबी गरेकोमा ठेकिएको जग्गाको अङ्क वा बिगोबाट<br>➢ जग्गा नठेकिएकोमा खान पाउने एक सालको खान्गी आयस्ताको अङ्कबाट,<br>• ठेक्का रकमको हक दाबी गरेको वा हक दाबी छुटाई दिनु पर्नेमा ठेक्का अङ्क र आयस्ता नोक्सानी मात्र दाबी गरेकोमा दाबी गरेको आयस्ता नोक्सानीको अङ्क,<br>• अचल सम्पत्ति बन्धकीको हकमा लिखतको बिगोको अङ्क,<br>• दामासाही वा भाखा गरी दिनु पर्नेमा असामीले देखाएको बिगोको | |

<table>
<tr><td></td><td colspan="2">अङ्क,<br>• तलब, भत्ता वा किस्ता दाबी गरेमा त्यस्तो दाबीको अङ्क,<br>• ज्याला, मजुरी, नोक्सानी, हर्जाना दाबी गरेकोमा त्यस्तो दाबी गरेको मूल्यको अङ्क,<br>• साँवा, मुनाफा, लाभांश, बोनस, दान बकस, ब्याज, घर पसल, बहाल वा कुनै सम्पत्ति दाबी गरेकोमा त्यस्तो सम्पत्तिको अङ्क,<br>• कुनै क्षतिपूर्ति दाबी गरेकोमा त्यसरी दाबी गरेको अङ्क,<br>• करार बमोजिम गराई वा भराई पाउन दाबी गरेकोमा त्यसरी गराउन वा भराउन दाबी गरेको अङ्क।</td><td></td></tr>
<tr><td rowspan="7">अदालती शुल्कको दर</td><td colspan="2">फिराद वा प्रतिदावीमा दावि लिएको बिगोको आधारमा देहायबमोजिम अदालती शुल्क लिनुपर्छः</td><td rowspan="7">दफा ६९</td></tr>
<tr><td>क) पहिलो रु. २५,०००। सम्मको</td><td>रु ५००।-</td></tr>
<tr><td>ख) रु. ५०,०००।- सम्म भए दोस्रो<br>रु. २५,०००।- सम्मको</td><td>५ % ले रु<br>१२५०।सम्म</td></tr>
<tr><td>ग) रु. १,००,०००।-सम्म भए तेस्रो<br>रु ५०,०००।- सम्मको</td><td>३.५% ले रु<br>१७५०। सम्म</td></tr>
<tr><td>घ) रु. ५,००,०००।-सम्म भए चौथो<br>रु ४,००,०००।- सम्मको</td><td>२% ले रु<br>८०००। सम्म</td></tr>
<tr><td>ङ) रु. २५,००,०००।-सम्म भए पाँचौं<br>रु २०,००,०००।- सम्मको</td><td>१.५% ले रु<br>३०,०००। सम्म</td></tr>
<tr><td>च) रु. २५,००,०००।- भन्दा माथि जतिसुकै</td><td>१%</td></tr>
<tr><td>रु ५,००। अदालती शुल्क लाग्ने मुद्दा</td><td colspan="2">देहायका मुद्दामा रु ५,००। अदालती शुल्क लिनुपर्छः<br>• जग्गाको दर्ता, नामसारी वा त्यस्तो दर्ता वा नामसारी बदर,</td><td>दफा ७०(१)</td></tr>
</table>

| | | |
|---|---|---|
| | • रसिद तथा भरपाईको दाबी,<br>• लिखत, भाखापत्र, जमानीपत्र, कबुलियत भरपाई आदि फट्टाको माग दाबी,<br>• घर वा जग्गामा बसेकोलाई उठाई वा उठ्न नपर्ने माग दाबी,<br>• बाँध, पैनी वा कुलो बनाउन वा त्यसबाट पानी ल्याउन दिएन वा रोलक्रम मिची पानी लगाएको दाबी,<br>• निकास, झ्याल वा ढोका खुला वा बन्द, झ्याल, ढोका वा कौशी राख्ने, थप्ने वा बन्द गर्ने माग दाबी,<br>• निषेधाज्ञा वा आदेशात्मक आदेश जारीको माग दाबी वा त्यस्तो आदेशको बदर,<br>• कुनै व्यक्तिको पूर्ण सक्षमता, अर्ध सक्षमता वा असक्षमता निर्धारण,<br>• सम्बन्ध विच्छेद,<br>• नाता कायम,<br>• कुनै व्यक्तिको मृत्युको सम्बन्धमा न्यायिक घोषणाको माग वा न्यायिक घोषणा बदर वा सोको संशोधन सम्बन्धी माग दाबी,<br>• दामासाहीको कारबाही प्रारम्भ गर्ने वा नगर्ने माग दाबी,<br>• गुठी सञ्चालक नियुक्ति वा बदर,<br>• संरक्षक नियुक्ति वा बदर,<br>• माथवरको नियुक्ति वा बदर,<br>• फलोपभोगको दाबी वा बदर,<br>तर फलोपभोगको हकमा मूल्य उल्लेख भएकोमा मूल्यका आधारमा अदालती शुल्क लाग्नेछ।<br>• सुविधाभारको दाबी वा बदर। | |

| | | |
|---|---|---|
| रु १,०००।- अदालती शुल्क लाग्ने | **निम्न अवस्थामा रु १,०००। अदालती शुल्क लिनुपर्छः**<br>• अंश लाग्ने सम्पतिमा अंशको भाग यकिन गरी वा दिलाई दिने माग दावी भएकोमा<br>• लिखत वा कागज वदरको मागदावी भएकोमा।<br>• मूल्य वा विगो नखुलेका दफा ७० मा उल्लेख भए बाहेकका जुनसुकै मुद्दामा | दफा ७०(२),<br>दफा ७१(२) |
| रु २,५००। एकमुष्ट अदालती शुल्क | माथि उल्लेखित वाहेक विगो नखुलेको अन्य कुनै करारका सम्बन्धमा भए रु २,५००। अदालती शुल्क लिनुपर्छ। | दफा ७०(३) |
| निवेदन दस्तुर | • अदालतमा दिईने निवेदनपत्रमा रू. १०।-दस्तुर लाग्छ। | दफा २८१ |
| फिराद दस्तुर | • फिरादपत्र दर्ता गर्दा फिराद दस्तुर रु २००।— लाग्छ। | दफा ९७ |
| प्रतिउत्तर दस्तुर | • प्रतिउत्तर दर्ता गर्दा रु २००।— दस्तुर लाग्दछ। | दफा १२५ |
| अदालती शल्क लिने सम्बन्धी **विशेष** व्यवस्था | **निम्न मुद्दामा देहायका आधारमा अदालती शुल्क लिनुपर्छः**<br>• बादी वा पुनरावेदकको (पक्षको) जिकिरबाट कुनै सम्पत्तिको हक बेहक गर्नु पर्ने भएमा त्यस्तो सम्पत्तिको मुल्य विगोको आधारमा,<br>• अंश मुद्दामा पेश भएको फाँटवारीमा उल्लेखित सम्पत्तिको बिगोको हिसाबले,<br>• साँवा र ब्याज दुवै दाबी गरेकोमा फिरादपत्र दिएको मितिसम्मको ब्याजको हुने अङ्कबाट,<br>• ब्याजसमेत पाउने गरी फैसला भएकोमा फिरादपत्र दर्ता मितिदेखि फैसला कार्यान्वयन हुँदासम्म हुने ब्याजको। | दफा ७१,६८ |
| मुद्दा परेको अघिल्लो दिनको मूल्य कायम | अदालती शुल्कको प्रयोजनको लागि अचल बाहेक अरू सम्पत्तिको मूल्य कायम गर्दा मुद्दा दायर भएको अघिल्लो दिनको मूल्यलाई आधार लिनुपर्छ। | दफा ७२ |

| | | |
|---|---|---|
| गर्नुपर्ने | | |
| पुनरावेदन गर्दा लाग्ने अदालती शुल्क | • मूल्य वा विगो खुलेको मुद्दामा जुनसुकै तहमा पुनरावेदन गर्दा चित्त नबुझेको हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप १५ प्रतिशत शुल्क लाग्छ।<br>• विगो नखुलेको अंश मुद्दामा जुनसुकै तहमा पुनरावेदन गर्दा फिराद दर्ता गर्दा लागे सरहको अदालती शुल्क लाग्छ।<br>• पुनरावेदन गर्दा रु ३००।—पुनरावेदन दस्तुर लाग्दछ। | दफा ७३,२०८ |
| पुनरावलोकन वा मुद्दा दोहोऱ्याई हेर्दा लाग्ने अदालती शुल्क | मुद्दा पुनरावलोकन वा दोहोऱ्याई दिने आदेश भएमा जति कुरामा चित्त नबुझी मागदावी गरेको हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप १० प्रतिशत शुल्क लाग्छ। | दफा ७४ |
| फैसला बमोजिम अदालती शुल्क र दण्ड जरिवाना बुझाउनु पर्ने | • जुनसुकै तहमा पुनरावेदन दिंदा फैसलाबमोजिम निजले अर्को पक्षलाई भराई दिनुपर्ने ठहरेको अदालती शुल्क दाखिल गर्नुपर्छ।<br>• पुनराबलोकन वा मुद्दा दोहोऱ्याई पाउँ भनी निवेदन दिंदा फैसलाले अर्को पक्षलाई भराई दिनुपर्ने ठहरेको अदालती शुल्क दाखिल गर्नुपर्छ।<br>• फैसला बमोजिम लागेको दण्ड जरिवाना दाखिल नगरी वा सो वापत जमानत नदिई पुनरावेदन, पुनरावलोकन गरी वा दोहोऱ्याई पाउँ भन्ने निवेदन दर्ता गर्नु हुँदैन। | दफा ७५ |
| अदालती शुल्क नगदमा दाखिल गर्नु पर्ने | • अदालती शुल्क नगदमा दाखिल गर्नुपर्छ। शुल्क लिंदा ३ प्रति नगदी रसिद तयार गरी १ प्रति पक्षलाई दिई अर्को १ प्रति मिसिलसाथ राख्नु पर्छ।<br>• अदालती शुल्क एकलाख भन्दा वढी भए वढीमा एक वर्षसम्मको लागि क वर्गको ईजाजत प्राप्त बैङ्कको बैङ्क जमानत दिन सकिन्छ। | दफा ७६, ६४ |

| | | |
|---|---|---|
| | • त्यस्तो जमानत प्रत्येक वर्ष नवीकरण गराउनु पर्छ।<br>• नवीकरण गर्न नसक्ने भए एक वर्षको बैङ्क जमानत अवधि भुक्तानी हुनुभन्दा कम्तीमा एक महिना अगावै उक्त अदालती शुल्क नगदमै दाखिल गर्नुपर्छ।<br>• बैङ्क जमानत नवीकरण गर्न वा नगद दाखिल गर्न नसके सो मुद्दा खारेज हुन्छ।<br>• दाबी गरिएको वा विबादित सम्पत्ति राखी लिएको बैक ग्यारेण्टी स्वीकार गर्न हुँदैन। | |
| नपुग अदालती शुल्क दाखिल गराउनु पर्ने | • लाग्ने भन्दा कम अदालती शुल्क दाखिल गर्न ल्याएको भए तुरुन्त नपुग शुल्क दाखिल गर्न लगाउनु पर्छ।<br>• नपुग अदालती शुल्क तत्काल दाखिल गर्न नसकी म्याद मागेमा देहाय बमोजिम म्याद दिनुपर्छः<br>○ फिरादपत्र वा पुनरावेदनपत्र दिने अन्तिम म्याद ७ दिन बाँकी भए सो अवधिभित्र,<br>○ सो भन्दा कम अवधि वाँकी भए ७ दिन भित्र।<br>• फिरादपत्र वा पुनरावेदन पत्र दर्ता गरिसकेपछि घटी अदालती शुल्क बुझाएको वा लिएको थाहा हुन आए ७ दिन भित्र शुल्क दाखिल गर्न तारिख तोक्नु पर्छ। तारिखमा नहेको भए ७ दिनुको म्याद दिई शुल्क दाखिल गराउनु पर्छ।<br>• उक्त अवधिभित्र नपुग शुल्क दाखिल नगरेमा मुद्दाको कारवाही, सुनुवाई र किनारा हुन सक्दैन। | दफा ७७ |
| बढी अदालती शुल्क फिर्ता गर्ने | • पक्षबाट बढी अदालती शुल्क लिएको थाहा हुन आएको मितिले ३ महिना भित्र फिर्ता गर्नुपर्छ।<br>• फैसला भईसकेपछि पनि वढी तिरेको अदालती शुल्क फिर्ता पाउन पक्षले निवेदन दिएमा ३ महिनाभित्र फिर्ता दिनुपर्छ। | दफा ७८ |

| | | |
|---|---|---|
| अदालतले तोकेको अदालती शुल्क उपर उजुर दिन सकिने | • अदालतले तोकेको अदालती शुल्कमा चित्त नबुझेमा मुद्दाको पक्षले सो शुल्क दाखिला गरी नसकेको भए ३ दिनभित्र र दाखिल गरी सकेको भए मुद्दा फैसला हुनु अघि नै न्यायाधीशसमक्ष उजुरी दिन सक्छ।<br>• अदालती शुल्क वढी लिएको देखिएमा न्यायाधीशले वढी शुल्क फिर्ता गर्न र जानी जानी वढी शुल्क लिने कर्मचारीलाई विभागीय कारवाही गर्ने आदेश दिनु पर्दछ।<br>• अदालती शुल्क वढी लिएको भन्ने उजुरी झुठा देखिएमा सो उजुर गर्ने व्यक्तिलाई जति शुल्क वढी लियो भन्ने दावी लिएको हो त्यस्तो अङ्कको १५ प्रतिशत जरिवाना गर्नुपर्छ। | दफा ७९ |
| घटी अदालती शुल्क लिए वा बुझाएबापत सजाय | • कसैले घटी अदालती शुल्क बुझाउने मनसायले मूल्य वा विगो घटाएमा सरोकारवाला पक्षले मुद्दा रहेको अदालतमा उजूरी दिन सक्छ।<br>• उजुरी जाँचबुझ गर्दा वा उजुरी विना नै अदालतबाट मिसिल जाँचबुझ गर्दा घटी शुल्क दाखिल गर्ने मनसायले मूल्य वा विगो घटाएको देखिएमा त्यस्तो पक्षलाई अदलती शुल्कको १५ प्रतिशत जरिवाना गरी नपुग शुल्क दाखिल गराउनु पर्छ।<br>• सो उजुरी झुठा ठहरेमा उजुरीकर्तालाई निजले नपुग अदालती शुल्क भनी दावी लिएको अङ्कको ५ प्रतिशत जरिवाना गर्नुपर्छ।<br>• अदालती कर्मचारीले जानीजानी लिनुपर्ने भन्दा कम शुल्क लिएको देखिएमा निज उपर विभागीय कारवाही हुन्छ।<br>• घटी अदालती शुल्क लिएकोमा मुद्दा अन्तिम भएपछि त्यस्तो शुल्क सम्वन्धित पक्षबाट असुल उपर हुन नसकेमा घटी शुल्क लिने कर्मचारीबाट असुल गर्नुपर्छ। | दफा ८० |
| अदालती शुल्क जफत हुने | **निम्न अवस्थामा अदालती शुल्क जफत गर्नुपर्छः**<br>• अदालती शुल्क लागेको मुद्दामा वादी वा पुनरावेदक हारेमा, | दफा ८१ |

| | | |
|---|---|---|
| | • पुनरावलोकन वा दोहोऱ्याई पाउँ भन्ने निवेदनमा कारवाही हुँदा पहिलाको फैसला सदर भएमा। | |
| मुद्दा मिलापत्र, डिसमिस वा खारेज भएमा लाग्ने अदालती शुल्क | **मिलापत्र, डिसमिस वा खारेज हुँदा अदालती शुल्कका सम्वन्धमा देहाय बमोजिम गर्नुपर्छः**<br>• अदालती शुल्क पूरै बुझाई दर्ता भएको मुद्दामा मिलापत्र गर्दा शुरु तहको अदालतमा प्रमाण बुझ्नु अघि भए २५ प्रतिशत,<br>• त्यसपछि जुनसुकै अवस्था र तहमा मिलापत्र गर्दा लाग्ने अदालती शुल्कको ५० प्रतिशत।<br>• लाग्ने भन्दा बढी भएको अदालती शुल्क बादी, पुनरावेदक वा सम्बन्धित पक्षलाई फिर्ता गर्नुपर्छ।<br>• पूरै वा केही पछि लिने गरी दर्ता भएको मुद्दामा मिलापत्र गर्दा लाग्ने अदालती शुल्क बादी वा पुनरावेदकबाट लिनुपर्छ।<br>• मुद्दा डिसमिस वा खारेज भएमा बुझाएको अदालती शुल्क फिर्ता हुँदैन।<br>• पूरै वा केही अदालती शुल्क पछि बुझाउने गरी दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा बादी वा पुनरावेदकबाट बाँकी अदालती शुल्क असुल उपर गर्नुपर्छ।<br>• अदालती शुल्क पूरै बुझाई दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा बादी वा पुनरावेदकलाई कुनै सजाय हुँदैन।<br>• फिराद लेखाईबाट नै दर्ता हुन नसक्ने फिरादपत्र दर्ता भएको कारणबाट मुद्दा खारेज भएकोमा त्यस्तो मुद्दामा लिईएको अदालती शुल्क फिर्ता गर्नुपर्छ।<br>• रीतपूर्वक मिलापत्र, डिसमिस वा खारेज भएको मुद्दा जागी पुनः कारबाही हुने भएमा जसको उजुरीबाट जागेको हो निजले लाग्ने अदालती शुल्क दाखिल गर्नुपर्छ। | दफा ८२ |
| अदालती शुल्क | **निम्न अवस्थामा हार्ने पक्षबाट जित्ने पक्षलाई देहाय बमोजिमको अदालती** | दफा ८३ |

| | | |
|---|---|---|
| भराई दिने | **शुल्क भराई दिनुपर्छः**<br>• एक जनाभन्दा बढी प्रतिबादी वा पुनरावेदक भए जति जनाबाट जतिका दरले बिगो भरी पाउने ठहरेको हो त्यस्तो बिगोको हिसाबले,<br>• हक दाबी छाड्नु छुटाउनु पर्ने कुरामा जति जनाबाट जति हक दाबी छाड्नु छुटाउनु पर्ने हो त्यति नै जनाबाट सोही हिसाबले,<br>• अन्य अवस्थामा हार्ने जति जना प्रतिबादी वा प्रत्यर्थी छन् त्यति जनाबाट समानुपातिक हिसाबले,<br>• केही वा पूरै अदालती शुल्क नराखी फिरादपत्र दर्ता भएकोमा बादी वा पुनरावेदकले जिते लाग्ने ठहरेको अदालती शुल्क अर्को पक्षबाट दण्ड जरिबाना सरह असुल उपर गर्नुपर्छ।<br>• जति विषयमा दाबी पुग्ने ठहरेको हो त्यतिका हिसाबले लाग्ने अदालती शुल्क अर्को पक्षबाट भराई दिनुपर्छ।<br>• केही वा पूरै अदालती शुल्क नराखी दायर भएको मुद्दा बादी वा पुनरावेदकले हारेमा लाग्ने बाँकी शुल्क निजहरूबाटै असुल गर्नुपर्छ।<br>• वादी वा पुनरावेदकले भरी पाउने ठहरेको अदालती शुल्क भरी नपाउदै प्रतिबादी वा प्रत्यर्थीको मृत्यु भएमा त्यस्तो अदालती शुल्क निजको अपुताली खानेबाट भराई दिनुपर्छ।<br>• पुनरावेदन, पुनरावलोकन गरी वा दोहोऱ्याई पाउँ भन्ने मुद्दामा पुनरावेदक वा निवेदकले आंशिक वा पूर्ण रूपमा जितेमा जिते जतिमा लाग्ने ठहरिएको अदालती शुल्क प्रत्यर्थीबाट भराई लिन पाउँछ। | |
| अधिकृत वारिसनामा प्रमाणित दस्तुर | जिल्ला अदालतबाट अधिकृत वारिसनामा प्रमाणित गर्दा रु ५००। दस्तुर लाग्दछ। | दफा १५३ |

| | | |
|---|---|---|
| फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर | • **बिगो भराउदाः** बिगो भराई पाउने व्यक्तिबाट बिगोको ३ प्रतिशत<br>• **अंश बण्डा गराउँदाः** बण्डा छुट्याईएको सम्पत्तिको २.५ प्रतिशत<br>• **चलन चलाउँदाः** सम्पत्तिको बिगो खुलेको भए बिगोको ३ प्रतिशत र बिगो नखुलेको भए रु. १,०००।<br>• **थप दस्तुरः** फैसला कार्यान्वयनको सिलसिलामा थमाउन पाउने म्याद तारिख गुज्रेकोमा ६ महिनाभित्र कार्यान्वयन गर्न आए लाग्ने दस्तुरको १० प्रतिशत र १ बर्ष भित्र आए २५ प्रतिशत थप दस्तुर लाग्ने।<br>• **पुनः चलन चलाउँदाः** कुनै दस्तुर नलाग्ने।<br>• **अदालती शुल्क नलागेको मुद्दामा कुनै रकम भराउदाः** बिगोको ५ प्रतिशत<br>• **अदालतबाट भाखा गराई दिएको, कागजपत्र दिलाई दिएको वा असामी बण्डा गरिदिएकोमाः** कुनै दस्तुर लाग्दैन। | दफा २३६, २३९ - २४२, २४९, २८१ |
| प्रतिलिपि सार्दा लाग्ने दस्तुर | • प्रतिलिपि लिदा आफैले सारी लिने भए प्रति पृष्ठ रु ५। र अड्डाबाट सारी दिने भएमा रु १०। दस्तूर लाग्छ। | दफा ४६ |
| अदालती शुल्कलाई प्राथमिकता | अदालती शुल्क भराईसकेपछि मात्र फैसला बमोजिम बिगो, दण्ड, जरिबाना, अदालती शुल्क लगायत अन्य दस्तुर वा शुल्क भराउनु वा लिनुपर्छ। | दफा ८४ |

## ७. तारिख र म्याद सम्बन्धी व्यवस्था

मुद्दाका पक्षलाई अदालतमा उपस्थित हुनु भनी किटान गरी तोकिएको दिनलाई तारिख भनिन्छ। मुद्दाको कारवाहीको प्रत्येक चरणमा मुद्दाका पक्षको उचित प्रतिनिधित्व र सहभागिता गराउने उद्देश्यको लागि अदालतले मुद्दाका पक्षलाई तारिख तोक्नु पर्दछ। यसरी तारिख तोक्दा मुद्दाको काम र प्रयोजन समेत तारिख भरपाई र तारिख पर्चामा खुलाउनु पर्छ। तोकिएको दिनमा मुद्दाका पक्षले तारिख भर्पाईमा सहीछाप गरेमा सो तारिखमा अदालतमा उपस्थित भएको मानिन्छ। देवानी कार्यविधि संहिता तथा नियमावलीमा तारिख र म्याद सम्वन्धमा गरिएको व्यवस्था यस परिच्छेदमा उल्लेख गरिएको छः

तारिख सम्बन्धी

| विषय | कार्यविधि | कानूनी व्यवस्था |
| --- | --- | --- |
| **तारिखमा राख्नु पर्ने** | • तारिखमा बस्नु नपर्ने अवस्थामा बाहेक मुद्दाका प्रत्येक पक्षलाई तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नुपर्छ।<br>• मुद्दामा प्रमाण वुझिसकेपछि अदालतको अनुमती लिई तारिखमा नवस्न पनि सकिन्छ।<br>• यसरी तारिखमा बस्न नचाहानेले दिएको निवेदन ईजलासमा पेश गरी भएको आदेश बमोजिम गर्नुपर्छ।<br>• तारिखमा नबसेको पक्षसँग कुनै कुरा बुझ्नु परेमा ७ दिनको सूचना दिई झिकाई बुझ्नु पर्छ।<br>• यसरी तारिखमा नरहेको पक्षले तारिखमा बस्न चाही निवेदन दिएमा पुनः तारिखमा राख्नु पर्छ। | दफा १३५<br>देकानि २४ |
| **एकैदिनको तारिख तोक्नुपर्ने** | • तारिख तोक्दा दुवै पक्षलाई एकै दिनको तोक्नुपर्छ।<br>• फिरादपत्र दर्ता भएपछि प्रतिउत्तरपत्र दाखिला हुने म्यादको अड्कल गरी प्रतिउत्तरपत्र पर्ने वा पर्न सक्ने अवधि कटाई बादीलाई तारिख तोक्नुपर्छ।<br>• वादीलाई दिएको तारिख प्रतिउत्तरपत्र पेश गरेको दिनसँग मेल नखाएमा त्यसपछिको तारिख दुवैलाई एकै दिन मिलान हुने गरी तोक्नुपर्छ। | दफा १३६ |
| **प्रयोजन खुलाई तारिख तोक्नुपर्ने** | • कुन काम र प्रयोजनका लागि तारिख तोकेको हो सो कुरा तारिख पर्चा, तारिख भर्पाई र तारिख कितावमा उल्लेख गर्नुपर्छ।<br>• तोकिएको तारिखका दिन तोकिएको काम सम्पादन गर्नुपर्छ।<br>• तोकिएको तारिखका दिन निर्धारित काम सम्पादन हुन नसकेमा तारिख भरपाईमा त्यसको कारण खुलाई अर्को तारिख तोक्नुपर्छ। | दफा १३७ |
| **तारिख तोक्ने** | • वारिस दिएको मुद्दामा बाहेक मुद्दा परेको अदालतदेखि करिव | दफा १३८ |

| | | |
|---|---|---|
| **तथा गुज्रेको तारिख प्रमाणीत गर्ने कार्यविधि** | १५किलोमिटर (करिव ४ कोष) बाहिरको अर्को अदालतमा पनि मुद्दा परेको र पक्षले सो कुराको लिखित जानकारी गराएको भए तारिख तोक्दा अर्को अदालतमा रहेको मुद्दाको तारिखसँग नजुध्ने गरी तोक्नुपर्छ।<br>• एकै अदालतमा एउटै बादी वा प्रतिबादी भएको एकभन्दा बढी मुद्दामा कुनै व्यक्ति तारिखमा बसेको र सो कुरा खुलाई एकै दिन तारिख तोक्न अदालतमा निवेदन गरेमा सम्भव भएसम्म सबै मुद्दाको लागि एकै दिन तारिख तोक्नुपर्छ।<br>• तारिख तोकेको अवस्थामा मुद्दाको पक्ष कुनै एक फाँटमा तारिखमा हाजिर भएमा सोही फाँटका अन्य मुद्दाको तारेख भरपाईमा सहि नगरेको भएपनि निज तारिखमा उपस्थित रहेको मान्नुपर्छ।<br>• तारिखमा उपस्थित हुने पक्षलाई तारिख भरपाईमा सहीछाप गराउनु पर्छ।<br>• तारिखको दिन उपस्थित नहुने पक्षको तारिख गुजारी सो कुरा तारिख भर्पाईमा प्रमाणित गरी राख्नुपर्छ।<br>• यसरी गुजारेको प्रमाणीत गर्दा तारिख भरपाईमा फाँटवाला कर्मचारीले तारिख गुजारेको ब्यहोरा जनाई दस्तखत गरी आफूभन्दा माथिल्लो तहको अधिकृतबाट उसैदिन प्रमाणीत गराउनुपर्छ। | देकानि २५ |
| **तारिखको दिन विदा परेमा** | • तारिख तोकिएको दिन सार्वजनिक बिदा परे बिदा समाप्त भएको भोलिपल्टको दिन तारिख तोकिएको मानिने हुँदा पक्षलाई तारिखमा राख्नु पर्छ। | दफा १३९ |
| **तारिखमा हाजिर हुनुपर्ने व्यक्ति थुनामा परेमा जानकारी गराउनु पर्ने** | • तारिखमा उपस्थित हुनुपर्ने ब्यक्ति थुनामा परी उपस्थित हुन नसकेमा कुन मुद्दामा थुनिएको हो सो को जानकारी निज आफैंले वा निजको एकासगोलको परिवारको सदस्य, कानून व्यवसायी वा वारिसले सम्वन्धित अदालतलाई दिनुपर्छ।<br>• त्यसरी थुनिएको जानकारी पाएमा अदालतले निज के कारणबाट | दफा १४० |

| | | |
|---|---|---|
| | थुनामा परेको हो र कति अवधिसम्म थुनामा बस्नु पर्ने हो त्यसको जानकारी सम्बन्धित निकायबाट माग गर्नुपर्छ।<br>• थुनामा परेको व्यक्ति १ महिनासम्ममा छुट्ने जानकारी प्राप्त भएमा निज छुटेको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र तारिखमा हाजिर हुन आए तारिखमा हाजिर भएको मानी निजलाई अर्को तारिख तोकी मुद्दाको कारबाही गर्नुपर्छ।<br>• त्यसरी थुनामा रहेको व्यक्ति १ महिनाभन्दा बढी अवधि थुनामा रहने वा थुनाबाट मुक्त हुने दिनको ठेगान नभएको वा थुनाबाट तत्काल मुक्त हुन नसक्ने अवस्था रहेको जानकारी प्राप्त भएमा त्यस्तो मुद्दाको कारबाही र किनारा गर्न निजलाई पर्खनु पर्दैन।<br>• थुनामा रहेको व्यक्तिले सो अवधिमा निजले गर्नुपर्ने मुद्दाको काम गर्न अरु कसैलाई वारिस दिई पठाउन सक्दछ।<br>• तर त्यस्तो पक्षलाई नै झिकाई वा बुझी मुद्दाको किनारा गर्न पर्ने भएमा निजलाइ झिकाई बुझी मुद्दाको कारबाही र किनारा गर्नुपर्छ।<br>• थुनामा रहेको व्यक्ति थुनाबाट छुटी बाटाको म्याद बाहेक ७ दिनभित्र अदालतमा हाजिर हुन आएमा निजलाई तारिखमा राखी मुद्दाको कारबाही र किनारा गर्नुपर्छ। | |
| **तारिख गुजारेमा पनि कारवाही नरोकिने** | • पक्षले तोकिएको तारिख गुजारेमा पुर्वनिर्धारित काम गर्न रोक्नु पर्दैन। | दफा १४१ |

| | | |
|---|---|---|
| **तारिखमा बस्नु नपर्ने** | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यस्तो निकाय, संवैधानिक निकाय वा अदालत बादी वा प्रतिबादी भएको मुद्दामा त्यस्ता निकाय वा अदालतको तर्फबाट अदालतमा उपस्थित भई तारिखमा बस्नु पर्दैन।<br>• तर मुद्दाको प्रमाण परीक्षण गर्दा, सुनुवाई गर्दा वा अदालतले उपस्थित हुन भनी आदेश दिएकोमा सो दिन त्यस्तो निकाय वा अदालतको प्रतिनिधित्व गर्न सरकारी वकिल उपस्थित हुनुपर्छ। | दफा १४२ |
| **पुनरावेदन तहमा तारिखमा नबसे पनि हुने** | • अदालतले अन्यथा आदेश दिएकोमा बाहेक पुनरावेदन तहको मुद्दामा पक्षलाई तारिखमा नराखी मुद्दाको कारबाही र किनारा हुन सक्दछ। | दफा १४३ |

**८.म्याद तथा तारिख थमाउने सम्बन्धी व्यवस्था**

| **विषय** | **विवरण** | **संवन्धित कानून** |
|---|---|---|
| **गुज्रेको म्याद वा तारिख थमाउन सक्ने** | • दुनियावादी देवानी मुद्दामा आफ्नो काबु बाहिरको परिस्थिति परी जुनसुकै तहको अदालतबाट तोकिएको म्याद वा तारिख गुज्रेमा सम्बन्धित पक्षले देहायबमोजिम थमाउन पाउँछः<br>○ प्रतिउत्तर वा पुनरावेदन लगायतका म्यादको हकमा १ पटक १५ दिनसम्म,<br>○ तारिखको हकमा बढीमा २ पटक २१ दिनसम्म,<br>• सरकारबादी देवानी मुद्दामा पुनरावेदन म्याद ७० दिनको हुन्छ। सो म्याद गुज्रेमा माथि उल्लेखित थाम्न पाउने म्यादका अतिरिक्त थप ३० दिन थाम्न पाईन्छ।<br>• मुद्दाका पक्षले तारिख गुजारेकोमा पटक कायम गर्दा म्याद थमाएको पटक गणना नगरी तारिख गुजारेको पटक मात्र हिसाव गरी कायम गर्नुपर्छ। | दफा २२३, २२४,२६२ |

| | | |
|---|---|---|
| | • म्याद वा तारिख थमाउनको लागि दिन गणना गर्दा म्याद वा तारिख गुज्रेको दिनको भोलिपल्टदेखि थमाउन पाउने दिनसम्मको दिन गणना गर्नुपर्छ।<br>• मुद्दामा पुनः ईन्साफ गर्न मातहत अदालतमा पठाएको वा मुलतबी जगाई कारबाही गर्दा अघि थमाएको म्याद वा तारिखको पटक गणना गर्नु हुँदैन। | |
| **बिशेष परिस्थितिमा गुज्रिएको म्याद वा तारिख थामिने अवस्था** | • देहाय बमोजिमको काबू बाहिरको विशेष परिस्थितिका कारण म्याद वा तारिख गुज्रेकोमा देहायको अवधि भित्र म्याद वा तारिख थमाउन पाईन्छः<br>- म्याद वा तारिखमा हाजिर हुनु पर्ने व्यक्तिको कोही मरी आफैं किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको कारणले म्याद वा तारिख गुज्रेको भए त्यसरी मृत्यु भएको मितिले बाटोको म्याद बाहेक **२१ दिन,**<br>- सुत्केरी भएको कारण म्याद वा तारिख गुज्रिएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक **४५ दिन,**<br>- बाढी, पहिरो, हिमपात, बाटो बन्द भई वा कर्फ्यूको घोषणा वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन बन्द भई म्याद वा तारिख गुज्रिएको भए बाटो खुलेको वा यातायातको साधन खुलेको मितिले बाटोको म्याद बाहेक **७ दिन,**<br>- कसैको अपहरणमा परेको वा शरीर बन्धक बनाएको कारण म्याद वा तारिख गुज्रिएको भए अपहरण वा शरीर बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक **१० दिन,**<br>- भूकम्प, ज्वालामुखी आदि जस्ता विपद् परेको कारण म्याद वा तारिख गुज्रिएको भए त्यस्तो विपद् भएका मितिले बाटोको म्याद बाहेक **१० दिन**।<br>- कुनै दुर्घटनाको कारण अचेत भई वा अचानक कुनै गम्भीर रोगको कारण हिँडडुल गर्न नसक्ने भई अस्पतालमा भर्ना भई | दफा २२५ |

| | | |
|---|---|---|
| | उपचार गर्नु परेको अवस्थामा त्यस्तो कारण परेको मितिले बाटोको म्याद बाहेक **१५ दिन**।<br>• त्यसरी गुज्रेको म्याद तारिख थमाउन निवेदन दिदा त्यस्तो कारण र परिस्थिति परेको व्यहोरा पुष्टि गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नुपर्छ। | |
| **मुद्दा सकार गर्न पाउने** | • मुद्दाको फैसला नहुँदै कुनै पक्षको मृत्यु भएमा वा दुर्घटना परी अचेत भएमा वा निज वेपत्ता भै म्याद वा तारिख गुज्रेमा बाटोको म्याद बाहेक **२१** दिनभित्र संरक्षक वा हकवालाले म्याद वा तारिख थमाई मुद्दा सकार गर्न निवेदन दिन पाउँछ।<br>• सो निवेदनको व्यहोरा मनासिब देखिएमा त्यस्तो मुद्दा सकार गराई गुज्रेको म्याद वा तारिख थामी दिनुपर्छ। | दफा २२६ |
| **बाटाको म्याद हिसाब गर्ने आधार** | • अदालतले बाटोको म्यादको हिसाव गर्दा देहाय बमोजिम गर्नुपर्छः<br>○ यातायातको नियमित सेवा चलेको ठाउँमा रेल वा बसबाट आउँदा वास्तविक लाग्ने दिन,<br>○ रेल वा बस नचलेको ठाउँको लागि प्रत्येक पन्ध्र किलोमिटरको १ दिन पाईन्छ। १५ कि.मी. भन्दा बढि तर अर्को १५ कि.मी. नपुगेको भएपनि १ दिन बाटोको म्याद पाईन्छ।<br>○ तर, बाटोको दुरी जम्मा १५ किलोमिटर भन्दा घटी भए बाटाको म्याद पाईदैन। | दफा २२७ |
| **थमाउन पाउने अवधिसम्म मुद्दा किनारा नगर्ने** | • मुद्दाका पक्षले म्याद वा तारिख गुजारेमा पनि माथि उल्लेखित थमाउन पाउने अवधि समाप्त नभएसम्म मुद्दाको सुनुवाई गरी किनारा गर्न हुँदैन। | दफा २२८ |

## ९. वारिस सम्बन्धी व्यवस्था

अदालतमा आफै उपस्थित भई नालिश दायर गर्न वा मुद्दामा प्रतिरक्षा गर्न नसक्ने अवस्थाका व्यक्तिले कारण खोली सोही प्रयोजनका लागि लिखित रुपमा नियुक्त गरेको प्रतिनिधिलाई वारिस भनिन्छ। मुद्दाको सामान्य काम कारवाहीको लागि साधारण वारिस र मुद्दाको संपूर्ण काम कारवाही गर्नका लागि विशेष अधिकार सम्पन्न अधिकृत वारिस नियुक्त गर्नु पर्दछ। अचल सम्पत्तिको हक हस्तान्तरण गर्न वा रजिष्ट्रेशन गर्नुपर्ने कुनै लिखत पारित गराउने प्रयोजनाका लागि समेत अधिकृत वारिस नियुक्त गर्न सकिन्छ। वारिसका सम्वन्धमा देवानी कार्यविधि संहितामा देहाय बमोजिम ब्यबस्था गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **वारिस नियुक्त गर्न सक्ने** | • मुद्दाको कुनै पक्षले अदालतमा मुद्दासँग सम्बन्धित कुनै काम गर्न अर्को कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्ति गर्न सक्छ।<br>• त्यसरी नियुक्ति भएको प्रतिनिधिलाई वारिसको हैसियत प्राप्त हुन्छ।<br>• वारिसको नियुक्ति कार्यविधि संहिताको अनुसूची १३ बमोजिम तोकिएको ढाँचामा लिखित रुपमा गर्नुपर्छ। उक्त लिखतलाई वारिसनामा भनिन्छ।<br>• वारिसनामाको लिखतमा कारणी, कम्तीमा दुई जना साक्षी र लेखकको पहिचान सहितको सहीछाप गराउनु पर्छ।<br>• वारिसको अधिकार मुद्दाका पक्षले नियुक्ति गर्दा वारिसनामामा लेखिएबमोजिम हुन्छ। | दफा १४४, १४६, १५० |
| **वारिस हुने व्यक्तिको योगयता** | **देहाय बमोजिमको व्यक्ति वारिस हुन पाउछः**<br>○ कानून बमोजिम करार गर्न योग्य ब्यक्ति,<br>○ फैसलाले ठहरेको सरकारी बिगो, अदालती दस्तुर, अदालती शुल्क वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको ब्यक्ति,<br>○ कीर्ते, जालसाजी वा भ्रष्टाचार वा नैतिक पतन देखिने कसूरमा सजाय नपाएको ब्यक्ति।<br>• तर एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्दा उल्लिखित | दफा १४५ |

| | | |
|---|---|---|
| | ब्यबस्था लागु हुँदैन। | |
| **एकभन्दा बढी मुद्दा वा व्यक्तिको वारिस हुन सक्ने** | • एउटै व्यक्ति एकै पटक एकभन्दा बढी मुद्दामा वा एउटै मुद्दामा एकभन्दा बढी व्यक्तिको वारिस हुन सक्छ,<br>• तर एउटै व्यक्ति बादी प्रतिबादी दुवैको वारिस हुन सक्दैन। | दफा १४७ |
| **पक्ष पनि वारिस हुन सक्ने** | • कुनै मुद्दामा एउटै पक्षका धेरै व्यक्ति बादी वा प्रतिबादी भए त्यस्ता ब्यक्तिहरू मध्ये कुनै एक व्यक्ति अन्य बादी वा प्रतिबादीको सो मुद्दामा वारिस हुन सक्छ। | दफा १४८ |
| **एकभन्दा बढी अदालतमा वारिस हुन सक्ने** | • एकै व्यक्ति एकभन्दा वढी अदालतमा विचाराधीन रहेको मुद्दामा वारिस हुन सक्दछ। | दफा १४९ |
| **वारिसनामा दर्ता गर्ने प्रक्रिया** | **वारिसनामा लिदा अदालतले देहाय बमोजिम गर्नुपर्छः**<br>• वारिसनामामा रीत पुगे वा नपुगेको जाँच गर्ने,<br>• रीत नपुगेको देखिएमा रीत पुर्‍याई ल्याउन ३ दिनको म्याद दिई दरपीठ गर्ने,<br>• रीत पुर्‍याई ल्याएमा दर्ता गर्ने। | दफा १५१ |
| **वारिस परिवर्तन गर्न वा आफै मुद्दा सकार गर्न सक्ने** | • पक्षले जुनसुकै बखत वारिसनामा बदर गरी अर्को वारिस नियुक्त गर्न वा निवेदन दिई आफैले मुद्दा सकार गर्न सक्छ।<br>• त्यस्तो सकार गर्ने निवेदन वा वारिसनामा मिसिल संलग्न गरी त्यसको अभिलेख राख्नुपर्छ। | दफा १५२ |
| **अधिकृत वारिस सम्बन्धी व्यवस्था** | • कसैले निम्न कार्य गर्न कुनै मुद्दा किटान गरी वा नगरी अधिकृत वारिस नियुक्त गर्न सक्दछ।<br>- फिराद गर्न,<br>- प्रतिउत्तरपत्र दर्ता गर्न,<br>- फिराद दाबी फिर्ता गर्न, | दफा १५३ |

| | | |
|---|---|---|
| | - मिलापत्र गर्न वा<br>- अन्य कानूनी काम कारबाही गर्न<br>• अधिकृत वारिसले मुद्दाको कारबाही हुँदा अर्को व्यक्तिलाई वारिस नियुक्त गर्न पनि सक्छ। | |
| **अधिकृत वारिस मार्फत अचल सम्पत्तिको हक हस्तान्तरण गर्न सक्ने** | • रजिष्ट्रेशन गर्नु पर्ने **निम्न लिखत** पारित गराउन कार्यालयमा उपस्थित हुन नसक्ने व्यक्तिले कारण खुलाई लिखतद्वारा अधिकृत वारिस नियुक्त गर्न सक्छ।<br>- कुनै अचल सम्पत्ति बिक्री वितरण वा सट्टापट्टा गर्ने,<br>- हालैको बकसपत्र गरिदिने,<br>- अन्य कुनै तरिकाले हक हस्तान्तरणको लिखत गर्ने,<br>- कानून बमोजिम रजिष्ट्रेशन गर्नुपर्ने अन्य लिखत गर्ने,<br>• शेषपछिको बकसपत्र पारित गर्नका लागि अधिकृत वारिस नियुक्त गर्न हुँदैन।<br>• अधिकृत वारिसले आफुलाई प्राप्त अख्तियारनामाको शर्तको अधिनमा रहि काम गर्नुपर्छ। | दफा १५४ |
| **अधिकृत वारिसनामा प्रमाणित गर्दाको कार्यविधि** | • मुद्दा किटान नगरी अधिकृत वारिस नियुक्त गर्दा नेपालभित्र भए कुनै जिल्ला न्यायाधीश र नेपाल बाहिर भए कुनै नेपाली राजदूत वा महावाणिज्यदूतबाट प्रमाणित गराउनु पर्छ।<br>• त्यसरी अधिकृत वारिसनामा प्रमाणित गराउँदा वारिस दिने र वारिस हुने व्यक्तिको फोटो टाँसी दुवैको नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानी पेश गर्नुपर्छ,<br>• अधिकृत वारिसनामा रु ५००। लिई प्रमाणित गर्नुपर्छ,<br>• अधिकृत वारिसनामा प्रमाणित गर्न अदालतमा निवेदन दिंदा नियमावलीको अनुसूची -४५ बमोजिमको ढाँचामा दिनुपर्छ ।<br>• अचल सम्पत्तिको हक हस्तान्तरणको बिषयसँग सम्बन्धित अधिकृत | दफा १५३, १५४<br>देकानि ६८ |

| | | |
|---|---|---|
| | वारिसनामा प्रमाणीत गर्नुपर्ने भएमा सो निवेदनमा देहायका कुरा समेत खुलाएको हुनु पर्छः<br>○ सम्पत्ति रहेको स्थान वा ठेगाना<br>○ कि नं र क्षेत्रफल<br>○ अचल सम्पत्तिको चालु बर्षको तिरो बुझाएको रसिद<br>• निवेदन दर्ता कितावमा दर्ता गरी निवेदनका सम्बन्धमा सोही दर्ता किताबमा निर्णय गर्नु पर्छ ।<br>• अधिकृत वारिसनामा प्रमाणित गर्ने निर्णय भएमा निवेदन साथ पेश गरेको अधिकृत बारिसनामाको कागज न्यायाधीशले प्रमाणित गरी एक प्रति अदालतमा अभिलेखको रुपमा राखी एक प्रति निवेदकलाई दिनु पर्छ । | |
| **अधिकृत वारिसको हैसियत अन्त्य हुने** | **देहायका अवस्थामा अधिकृत वारिसको हैसियत समाप्त हुन्छः**<br>• तोकिएको काम, प्रयोजन वा समायावधि समाप्त वा भुक्तान भएमा,<br>• तोकिएको कुनै खास घटना वा अवस्था पूरा भएपछि वा त्यस्तो घटना वा अवस्था अन्त्य भएमा,<br>• वारिस नियुक्त गर्ने व्यक्तिले राष्ट्रिय स्तरका कुनै दुई दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी वारिस बदर गरेमा,<br>• वारिसमार्फत हक हस्तान्तरण वा सट्टापट्टा गर्ने भनिएको सम्पत्ति हस्तान्तरण वा सट्टापट्टा भएमा,<br>• वारिस दिने वा हुने व्यक्तिको मृत्यु भएमा,<br>• वारिसनामा बमोजिमको सम्पत्तिका सम्बन्धमा वारिस दिने र हुने वा निजको एकासगोलको व्यक्ति बीच अदालतमा मुद्दा परेमा,<br>• अधिकृत वारिसनामा दिने र लिने व्यक्ति बीच अदालतमा कुनै मुद्दा परेमा,<br>• अधिकृत वारिस हुने व्यक्तिले काम गर्न नचाही वारिस नियुक्ति गर्ने व्यक्तिलाई वारिसनामाको सक्कल प्रति सहित लिखित जानकारी दिएमा। | दफा १५५ |

अनुसूची-१

## हदम्याद सम्वन्धी ब्यवस्था

**देवानी संहिता र देवानी कार्यविधि संहितामा रहेका हदम्याद सम्वन्धी ब्यबस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको च।**

| परिच्छेदको विषय | नालिश गर्नुपर्ने हद्म्याद | संवन्धित कानून |
|---|---|---|
| **हदम्यादभित्र फिराद गर्नु पर्ने** | • अदालतमा मुद्दा दायर गर्न कानून बमोजिम कुनै निश्चित समयावधि तोकिएकोमा त्यस्तो समयावधिलाई हदम्याद भनिन्छ।<br>• हदम्यादको व्यवस्था भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो हदम्यादभित्र अदालतमा फिरादपत्र दायर गर्नु पर्दछ।<br>• हदम्याद नाघेको फिराद दर्ता हुन सक्दैन। कुनै कारणवश दर्ता हुन गएको रहेछ भने पनि त्यस्तो फिरादपत्र खारेज हुन्छ। | देवानी कार्यविधि संहिताको दफा ४७ |
| **हदम्यादको ब्यबस्था नभएकोमा** | • फिरादपत्र दायर गर्ने सम्बन्धमा कानूनमा कुनै हदम्याद उल्लेख नभएकोमा कारण परेको मितिले ६ महिनाभित्र फिराद गर्न सकिन्छ। | दफा ४८ |
| **हदम्याद प्रारम्भ हुने** | • कुनै विषयमा फिराद गर्न जुन कानूनमा हदम्यादको व्यवस्था भएको छ सोही कानून बमोजिम नै हदम्याद प्रारम्भ भएको मानिन्छ।<br>• हदम्याद प्रारम्भ हुने सम्बन्धमा कानूनी व्यवस्था नभएकोमा फिराद गर्नु पर्ने कारण परेको मितिले हदम्याद प्रारम्भ भएको मानिन्छ। | दफा ४९ |
| **थाहा पाएको मितिले फिराद गर्नु पर्ने** | • तर दफा ४८,४९ मा जे लेखिएतापनि धोका, कीर्ते, जालसाजी वा षडयन्त्रको फलस्वरुप वा त्यस्तै अन्य कुनै कारण परी वा गोप्य रूपमा कुनै काम भई थाहा पाउन सक्ने स्थिति नभई कसैको हदम्याद गुज्रन गएकोमा निजले त्यस्तो कुरा थाहा पाएको मितिले ९० दिनभित्र फिरादपत्र दर्ता गर्नु पर्छ।<br>• नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सङ्गठित संस्थाको हकमा थाहा पाएको मिति भन्नाले त्यस्तो सरकार वा तहको सम्बन्धित कार्यालय वा त्यस्तो संस्थालाई फिराद गर्नु पर्ने कुराको जानकारी भएको | दफा ५० |

| | | |
|---|---|---|
| | मितिलाई मानिन्छ। | |
| **हदम्यादको अवधि गणना** | • हदम्यादको अवधि गणना गर्ने विषयमा दुविधा र अलमल पर्न गएमा निम्न बमोजिमको आधारमा म्याद गणना गरी एकिन गर्नु पर्दछः-<br>- दिन गन्तिमा हदम्यादको अवधि तोकिएको भए दिन गन्तीको हिसावले गणना गर्ने,<br>- हदम्यादको दिन गन्ती गर्दा हदम्याद सुरु भएको भोलिपल्ट देखि गणना गर्ने,<br>- हदम्यादको अवधि महिनामा तोकिएको भए जति दिनको महिना भए पनि संक्रान्तिको हिसाबले महिनाको गणना गर्ने,<br>- हदम्यादको अवधि वर्षमा तोकिएको भए १२ महिनाको १ बर्ष मानी बर्षको हिसाबले गणना गर्ने। | दफा ६२ |
| **देवानी संहितामा विभिन्न परिच्छेदमा भएका हदम्याद सम्वन्धी ब्यबस्था** | | |
| **अंशबण्डा** | • अंश मुद्दामा निम्नअवस्थामा जहिलेसुकै पनि नालिश गर्न पाइन्छः<br>○ अंशबण्डा नै नभएको,<br>○ अंशबण्डा हुँदा गोश्वाराको लिखत भएको,<br>○ लिखत नभए पनि हिसाब गरी दुवै पक्षले भोग गरेकोमा।<br>• अंशबण्डामा चित्त नबुझेमा त्यस्तो बण्डा भएको मितिले ३ महिनाभित्र।<br>• सम्पत्ति लुकाए वा छिपाएको सम्बन्धमा अंशियारको जीवनकाल रहेसम्म।<br>• माथि लेखिएदेखि बाहेक अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | देवानी संहिताको दफा २३५ |
| **अनुचित सम्वृद्धि** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले दुई वर्षभित्र। | दफा ६७१ |
| **अन्तर्देशिय धर्मपुत्र र धर्मपुत्री** | • छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम।<br>• हदम्याद नतोकिएकोमा काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | दफा २०४ |
| **अपुताली** | • हदम्याद लेखिएकोमा सोही हदम्यादभित्र। | दफा २५० |

| | | |
|---|---|---|
| | • अन्यमा अपुताली खुला भएको मितिले ३ वर्षभित्र। | |
| **करार सम्वन्धी** | | |
| **अप्रत्यक्ष वा अर्ध करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६६३ |
| **एजेन्सी सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६०१ |
| **करार सम्पन्न गर्ने ब्यबस्था** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५१६ |
| **करारको उल्लङ्घन र उपचार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५४४ |
| **करारको परिपालना** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५३४ |
| **करारको बैधता** | • बदर हुने करारको हकमा जहिलेसुकै।<br>• बदर गराउन सकिने करारको हकमा करार बदर गराउन पर्ने कारण उत्पन्न भएको मितिले १ वर्ष।<br>• अन्य करारको हकमा मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५२० |
| **जमानत सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५७४ |
| **दायित्व सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५०३ |
| **धितो धरौट सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५९० |
| **नासो सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५८४ |

| | | |
|---|---|---|
| **बस्तु ढुवानी सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६०९ |
| **लिज सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६२३ |
| **वस्तुबिक्रि सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५६२ |
| **हायरपर्चेज करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६३९ |
| **गुठी सम्वन्धी** | • देहायको विषयमा जहिलेसुकै नालिश गर्न सकिनेः<br>○ गुठीको सम्पत्ति हिनामिना गरेको।<br>○ गुठीको सम्पत्तिसँग सम्बन्धित कुनै लिखत जालसाजी वा किर्ते गरेको।<br>○ गुठीको सम्पत्ति मासे खाएको।<br>○ सञ्चालकले गुठी संस्थापनापत्रको शर्त विपरीत फाइदा लिएको।<br>○ गुठीको सम्पत्ति वा सोको मूल्य वा आय सञ्चालक वा अन्य व्यक्तिबाट फिर्ता गराउनु परेको।<br>• उल्लिखित विषय बाहेक अन्य विषयमा कारण परेको मितिले ६ महिनाभित्र। | दफा ३५१ |
| **घरबहाल** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा ४०५ |
| **जग्गा आवाद भोगचलन तथा दर्ता** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा २९८ |
| **ज्याला मजुरी** | • दफा ६४४ घरेलु सहायक सम्वन्धी विषयको हकमा मुद्दा गर्नु परेको कारण उत्पन्न भएको मितिले ३ महिनाभित्र<br>• अन्य कुराको हकमा ३५ दिनभित्र। | दफा ६४७ |
| **त्रुटिपूर्ण उत्पादन** | • काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | दफा ६९१ |
| **दानबकस** | • छुट्टै हदम्याद तोकिएमा सोही बमोजिम। | दफा ४१२ |

| | | |
|---|---|---|
| | • आफूले दान वा बकस पाएको कुरामा आफ्नो हक पुगेको मितिले २ वर्षभित्र।<br>• दिन नहुने दान वा बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले २ वर्षभित्र।<br>• अन्य अवस्थामा काम कारबाही भए गरेको थाहा पाएको मितिले १ वर्षभित्र। | |
| **दुष्कृति** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा ६८४ |
| **धर्मपुत्र र धर्मपुत्री** | • काम कारवाही भए गरेको मितिले १ वर्षभित्र। | दफा १८७ |
| **नागरिक अधिकार** | • गिरफ्तार वा थुनिएको हकमा जहिलेसुकै,<br>• अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र | दफा २९ |
| **प्राकृतिक ब्यक्ति** | • शरिरको परिक्षण वा अङ्ग परिवर्तन गर्ने गराउने सम्वन्धी काम कारबाहीमा भए गरेको मितिले ३ महिनाभित्र,<br>• मृत्यु सम्वन्धी न्यायिक घोषणाबाट मृतघोषित ब्यक्ति स्वयं उपस्थित भै मृत्युको न्यायिक घोषणा बदर गराउन त्यस्तो काम कारबाही भएको थाहा पाएको मितिले १ वर्षभित्र,<br>• माथि लेखिएदेखि बाहेक अन्य अवस्थामा काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा ४१ |
| **प्राकृतिक ब्यक्तिको दामासाही** | • दफा ५४ अन्तर्गतको दामासाहीको कार्वाही प्रारम्भ गर्दा नालिस गर्नु पर्ने कारण परेको मितिले ३ वर्षभित्र,<br>• दफा ६२ र ६४ सम्बन्धी विषयमा थाहा पाएको मितिले २ वर्षभित्र,<br>• माथि लेखिएदेखि बाहेक अन्य अवस्थामा भए गरेको मितिले ६ महिनाभित्र। | दफा ६६ |
| **फलोपभोग** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा ३६७ |
| **बन्धकी** | • हदम्याद तोकिएकोमा सोही बमोजिम, | दफा ४५३ |

| | | |
|---|---|---|
| | • अन्य अवस्थामा काम कारबाही भए गरेको मितिले १ वर्षभित्र | |
| **बाबुआमा र सन्तानको सम्वन्ध** | • छुट्टै हदम्याद लेखिएकोमा सोही बमोजिम,<br>• अन्य अवस्थामा काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा १२३ |
| **बिबाह सम्वन्धी** | • मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले ३ महिनाभित्र। | दफा ८४ |
| **बिबाहको परिणाम** | • मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले ३ महिनाभित्र। | दफा ९२ |
| **मातृक तथा पैतृक अख्तियारी** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा १३४ |
| **माथवर** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा १६८ |
| **लिखत पारीत** | • काम कारबाही भए गरेको मितिले १ वर्षभित्र।<br>• अर्को इलाकाको कार्यालयबाट लिखत पारित भएकोमा सम्बन्धित कार्यालयमा त्यस्तो लिखतको प्रति प्राप्त भएको मितिले १ वर्षभित्र। | दफा ४७३ |
| **लेनदेन ब्यबहार** | • जहिलेसुकै नालिस दिन सकिनेः<br>- असक्षम वा अर्धसक्षम व्यक्तिको सम्पत्ति आफ्नो गराउन, हिनामिना वा नोक्सान गर्न वा बिगार्न लेनदेन गरेको,<br>- ब्याजको ब्याज लिएको,<br>- ब्याजमा १० प्रतिशत भन्दा बढी लिएको।<br>• माथि लेखिएको वाहेक अन्यमा देहाय बमोजिम नालिस गर्न सकिने<br>- नालिस गर्न छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम,<br>- कुनै लिखतमा अवधि उल्लेख भएकोमा सो अवधि नाघेको मिति र लिखत नभएको वा अन्य अवस्थामा मुद्दा गर्नु पर्ने कारण परेको मितिले १ वर्षभित्र। | दफा ४९२ |
| **संरक्षकत्व** | • त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको ६ महिनाभित्र। | दफा १५२ |

| | | |
|---|---|---|
| **सम्पत्ति हस्तान्तरण तथा प्राप्ती** | • छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम,<br>• दफा ४४९ को हकमा जहिलेसुकै,<br>• अन्य अवस्थामा काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा ४३४ |
| **सम्पत्तिको उपभोग (खिचोला समेत)** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा २८६ |
| **सम्पत्ती सम्वन्धी सामान्य व्यबस्था** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा २६५ |
| **सम्वन्ध विच्छेद** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले वा थाहा पाएको मितिले ३ महिनाभित्र। | दफा १०४ |
| **सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्ति** | • दफा ३०५, ३०६ र ३०७ को सम्बन्धमा जहिलेसुकै,<br>• अन्य दफा बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | दफा ३१३ |
| **सुविधाभार** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा ३८२ |
| **स्वामित्व र भोगाधिकार** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले १ वर्षभित्र। | दफा २७५ |
| **हकसफा** | • लिखत पारित भएको मितिले ६ महिनासम्ममा थाहा पाएको मितिले ३५ दिनभित्र।<br>• तर मोहीको हकमा जग्गाधनीले निखन्न पाउने मिति समाप्त भएको मितिले ३५दिनभित्र। | दफा ४६२ |

## अनुसूची-दुई

मुलुकी ऐन र देवानी तथा फौजदारी संहिताको दफावार तुलना

| क्र. स. | विषय | साविक कानून | देवानी कार्यविधी संहिता | फौजदारी कार्यविधि संहिता |
|---|---|---|---|---|
| १ | **अंशबण्डा छुट्याउने कार्यविधि** | द. सं. को ४६ | दफा २४१ | - |
| २ | **अदालतको अधिकारक्षेत्र** | ,, २९ र ३५ | दफा ६ र १६ देखि २७ | दफा ३०,४५-४९, १४४,१४९,१६९ |
| ३ | **अदालती शुल्क** | कोर्ट फी ऐन,२०१७ | दफा ६३ देखि ८४ | - |
| ४ | **आदेश (थुनछेक हुँदा थुना धरौट)** | अ.बं.११८ | - | दफा ६७,६८,७८,७९,८० |
| ५ | **आदेश (रोक्का वा यथास्थितिमा राख्ने)** | अ.बं १७१क | दफा १५६ | दफा ५८,६५,८७, १५६,१६७ |
| ६ | **आदेश(थुनछेक हुँदा तारेखमा राख्ने)** | अ.बं.४७ | - | दफा -६९ |
| ७ | **कायलनामा (मुद्दा फिर्ता लिने)** | अ.बं ९२ | दफा १९६ | दफा ११६ |
| ८ | **कैदको हकमा पुनरावेदन अनुमति** | अ.बं.१९४ | - | दफा- १३७ |
| ९ | **चलन चलाउने कार्यविधि** | द. स. को ४३ | दफा २३८ | - |
| १० | **जरिवाना छुट** | द.सं. ४१क | दफा २४६ | - |
| ११ | **जरिवाना।सरकारि विगो वापत कैद** | द.सं.३८ | दफा २४४ | दफा १६४ |
| १२ | **डिसमिस** | अ.बं.१७९,१८५क | दफा १४१ | दफा - |
| १३ | **थप अभियोगदाबी लिन सक्ने** | अ.बं.८८ | - | दफा- ३५ |
| १४ | **दरपिठ** | अ.बं.२७ | दफा १२८ | दफा ५० |
| १५ | **दरपिठ उपर निवेदन** | अ.वं. नियमावली | दफा १३० | |
| १६ | **दाखेल खारेज र नामसारी** | ,, ४४ | दफा २३९ | - |
| १७ | **दुनियाबादी फौजदारीमा परिणत** | स.मु.स.ऐन, दफा २७ | - | दफा -४२ |
| १८ | **धरौटि शुल्क फिर्ता** | द.सं. ५१ | दफा २४८ | दफा ७६ |

| | | | | |
|---|---|---|---|---|
| १९ | **नवुझि नहुने साक्षी बुझ्ने** | अ.बं.११५ | दफा १८० | दफा ११२ |
| २० | **नाप, जाँच वा नक्सागराउने/अवलोकन** | अ. वं. १७१ | दफा १७७ र १७८ | - |
| २१ | **निखानई दिने कार्यविधि** | ,, ४५ | दफा २४० | - |
| २२ | **निवेदन (नावालक समेतको तर्फबाट मुद्दा गर्न अनुमति)** | अ.बं. ८३ | दफा ५४, २६७ | दफा ५३ |
| २३ | **निवेदन (फैसला कार्यान्वयनमा भएको बेरितको आदेश वदरको लागि)** | द.सं.६१ | दफा २५०(२) | - |
| २४ | **निवेदन (बेरितको अन्तर्कालिन आदेश वदर गराउनको लागि)** | ,, १७ | दफा १५६(४),१५७ न्याय प्रशासन ऐन,१५ | न्याय प्रशासन ऐन, द १५ |
| २५ | **निवेदन (बेरितको आदेश वदर गराउनको लागि)** | ,, १७ | दफा १५७(२) | दफा ७२, ७३ |
| २६ | **निवेदन (सार्वजनिकहकमा मुद्दा अनुमति)** | अ.बं.१० | दफा ९१ | - |
| २७ | **पक्षसँग कागज गराउन सक्ने** | ,, १३३ | दफा १७१ र २७५ | - |
| २८ | **पूर्व सुनुवाइ छलफल/छलफल** | जि.अ.नि. | दफा १९१ | दफा १२४ |
| २९ | **पेटबोलीको व्यक्ति बुझ्ने** | ,, १३९ | दफा १२३, १२४,१७६ | - |
| ३० | **प्रतिउत्तर सरहको पुनरावेदन** | अ.ब. २०८ | दफा ११८ | - |
| ३१ | **प्रतिदाबी पेश गर्न सक्ने** | नभएको | दफा १२१ | - |
| ३२ | **प्रत्यर्थी झिकाउने** | अ. वं. २०२ | दफा २१३(३) | दफा १४०(३) |
| ३३ | **प्रमाण बुझ्नु पर्ने मुख नमिलेको कुरामा** | अ. वं. १८४क | दफा १६८ | दफा १२३ |
| ३४ | **प्राङ्न्याय/दोहोरो खतरा** | ,, ८५,संविधान | दफा १४, ८९ र ९४ | फौजदारी संहिता दफा९ |
| ३५ | **प्रारम्भिक सुनुवाइ** | - | दफा १३२ | दफा ५१ |
| ३६ | **फैसला कार्यान्वयनमा मिलापत्र** | जि अ नि ८०ख र | दफा २३४ | - |

| | | | | |
|---|---|---|---|---|
| | | ८०ग | | |
| ३७ | **फैसला प्रमाणीकरण** | - | दफा १९८ | दफा १३१ |
| ३८ | **फैसला सुनी पाएको कागज गराउने** | अ.वं. १९३ | दफा २०० | दफा - |
| ३९ | **फैसला, मिलापत्र डिसमिस आदि वदर** | ,, ८६ | दफा ९२ | दफा - |
| ४० | **बन्द सवाल** | अ.वं.१६०-१६२ | दफा १८९ | दफा १०७ |
| ४१ | **बाटोको म्यादको हिसाब** | ,, ९५ | दफा २२७ (१५ कि. मी.) | दफा - |
| ४२ | **बिगो भराउने कार्यविधि** | द. स. को ४२ | दफा २४२ | दफा १६५ |
| ४३ | **बिगो वापत कैद** | लेनदेनको १९ | ,, २४४ | दफा १६५(८) |
| ४४ | **मिलापत्र र मेलमिलाप** | ,, १८२ र १८३ | ,, १९३, १९४ र १९५ | दफा ११७-१२० |
| ४५ | **मुद्दा सकार (पक्षमरी हकवालाले)** | अ.बं.७० | दफा २२६,२३७ | दफा १३३(४)(ख),१९० |
| ४६ | **मुद्दा सकार (वारिस बदलिगर्दा)** | अ.ब.७० | दफा १५२ | दफा ९३ |
| ४७ | **मुद्दा सार्ने** | - | दफा २०३ | दफा ९६ |
| ४८ | **मुद्दा हेर्न नहुने(स्वार्थ बाझिने)** | ,, ३० | ,, २७१ | दफा १७६ |
| ४९ | **मुद्दा हेर्ने प्राथमिकताक्रम** | ,, ११ | ,, २७०, नियमावली | दफा १७० |
| ५० | **मुलतबी सम्बन्धी व्यवस्था** | ,, १२,१९० | ,,२०१ र २०२ | दफा ९७, ९८ |
| ५१ | **मृत्यु भएमा मुद्दा खारेज, मिनाहा** | अ.बं. १७६, द.सं.३ | - | दफा १३३, १५८ |
| ५२ | **म्याद छापा वा विद्युतिय माध्यममा प्रकाशन** | जि.अ.नि.२२क | दफा ११४,२८२ | दफा ६२ |
| ५३ | **म्याद तामेली सम्बन्धी** | ,, ११० देखि ११३ र ११३क | ,, ९९ देखि ११८ | दफा ५७,५८, ५९-६२, ६६ |
| ५४ | **म्याद तारिख थाम्ने थमाउने सम्बन्धी** | अ.वं५९, ६०, ६२ र ६४ | दफा २२२ देखि २२५ | दफा ५९(५),८५(१), १३४ |

| | | | | |
|---|---|---|---|---|
| ५५ | **लगत खडा फैसला बमोजिम** | जि.अ.नियमावली | दफा २२९ | दफा १५१ |
| ५६ | **लिखत प्रमाणित (वारिसनामा र अधिकृत वारिसनामा)** | ,, ६५ देखि ७१ र ७१क, ७१ख र ७१ग | ,, १४४ देखि १५२, अ.वा. मुद्दा-१५३, सम्पत्ति-१५४ | दफा ८९-९५ |
| ५७ | **लिखत प्रमाणीत (दर्ताद्वारा विवाह)** | - | दफा ७७-८० | - |
| ५८ | **लिखत प्रमाणीत धर्मपुत्र पुत्री** | धर्मपुत्र | दफा १७७ | - |
| ५९ | **लिखत प्रमाणीत संरक्षक, माथवर नियुक्ति** | | दफा १३९,१५७,१६६ | - |
| ६० | **लिखत संशोधन** | | दफा | दफा ३७ |
| ६१ | **वारेण्ट(पक्राउ पुर्जी)** | अ.बं.९४ | दफा | दफा -५७,८७ |
| ६२ | **विशेष परिस्थितिमा अनुपस्थित साक्षीबुझ्ने** | दफा१४४ | दफा १७९ | दफा १०१ |
| ६३ | **संवन्ध बिच्छेद मञ्जुरीले** | लो.स्वा.१(३) नं. | दफा ९३ | दफा |
| ६४ | **संवन्ध विच्छेद असहमतिको** | लो.स्वा. १ नं. | दफा ९८ | दफा |
| ६५ | **सद्दे किर्तेमा वयान गराउने** | ,, ७८ | ,, १७२ र १७३ | दफा १०४ |
| ६६ | **साक्षी सपथ** | ढाँचामा मात्र | दफा १८४ | दफा १०६ |
| ६७ | **साधक जाँच** | अ.ब.१८६ | दफा | दफा १४५ |
| ६८ | **सुनुवाई खुला इजलासमा गर्नु पर्ने** | अ. वं. ६ | ,, ५ र २६८ | दफा १२९, संजाय नि. ऐन, दफा १० |
| ६९ | **सूचना गोप्य राख्ने** | नियमावली | दफा २७६ | दफा १८३ |
| ७० | **हकदैया** | अ.बं.८२ | दफा १०,८६ | दफा ४३ |
| ७१ | **हदम्याद सम्बन्धी** | ,, ३६ देखि ४६ | ,, ४७ देखि ६२ र २५९, अन्य दिग्दर्शन अनुसूची १ मा विस्तृत छ | दफा परिच्छेद अनुसार विभिन्न दफा |